# कागेश्वरी मनोहरा नगरपालिकाको
# हरित तथा स्वच्छ विद्यालय प्रारुप, २०८१

**नेपाल सरकार**
**बागमती प्रदेश**

**कागेश्वरी मनोहरा नगरपालिका**

## प्रस्तावना

नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको सबै नागरिकले स्वच्छ वातावरणमा बाँच्न पाउने हकको सम्मान गर्दै, नेपाल सरकारद्वारा जारी हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ को स्थानीयकरण गरी नगरपालिकाभित्र रहेका विद्यालयहरूमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूलाई वातवरणीय समस्या एवम् विपद् जोखिम न्यूनीकरणबारे प्रशिक्षित गर्दै, हरित विद्यालय कार्यक्रमका अवयवहरूको व्यवहारिक कार्यान्वयनमा उत्प्रेरित गरी, विद्यालय शिक्षामार्फत वायु प्रदूषण न्यूनीकरण र वातावरणप्रति विद्यार्थीहरूको संवेदनशीलता प्रवर्धन गर्दै "स्वच्छ सफा हरभरा कागेश्वरी मनोहरा" बनाउने नगरको लक्ष्य प्राप्त गर्न वाञ्छनीय भएकाले कागेश्वरी मनोहरा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, .... को दफा ... ले दिएको अधिकार प्रयोग गरी कागेश्वरी मनोहरा नगर कार्यपालिकाले यो प्रारुप बनाई लागू गरेको छ ।

# परिच्छेद - १

# संक्षिप्त नाम र प्रारम्भ

## १. संक्षिप्त नाम र प्रारम्भ

१.१ **नाम** : यस कार्ययोजनाको नाम कागेश्वरी मनोहरा नगरपालिकाको हरित तथा स्वच्छ विद्यालय प्रारुप, २०८१ रहने छ ।

१.२ **प्रारम्भ** : यो प्रारुप तुरुन्त लागू हुनेछ ।

१.३ यो प्रारुप कागेश्वरी मनोहरा नगरपालिका भित्रका सबै सरकारी/सामुदायिक तथा निजी विद्यालयहरूमा लागू हुनेछ ।

# परिच्छेद - २

# परिभाषा

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्ययोजनामा,

(क) "प्रमुख" भन्नाले कागेश्वरी मनोहरा नगर पालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ख) "उपप्रमुख" भन्नाले कागेश्वरी मनोहरा नगर पालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले कागेश्वरी मनोहरा नगर पालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) “नगरपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनु पर्छ ।

(ङ) “नगर सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको धारा २२३ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(च) “प्रारुप” भन्नाले ‘‘कागेश्वरी मनोहरा नगरपालिकाको हरित तथा स्वच्छ विद्यालय प्रारुप, २०८१’’ सम्झनु पर्छ ।

(छ) “विद्यालय” भन्नाले नगरपालिका भित्र रहेका सामुदायिक र संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ज) “प्रधानाध्यापक” भन्नाले विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(झ) “सम्पर्क शिक्षक” भन्नाले इको क्लबको सम्पर्क शिक्षक वा फोकल शिक्षक सम्झनु पर्छ ।

(ञ) “इको क्लब” भन्नाले यस कार्ययोजना अन्तर्गत गठित वा पुर्नगठित इको क्लब सम्झनु पर्छ ।

(ट)

.....

## परिच्छेद - ३

## हरित तथा स्वच्छ विद्यालय प्रारुपको आवश्यकता, लक्ष्य, उद्देश्य र मूलभूत सिद्धान्त

## ३. प्रारुपको आवश्यकता, लक्ष्य र मूलभूत सिद्धान्त

### ३.१ हरित तथा स्वच्छ विद्यालय प्रारुपको आवश्यकता

स्वच्छ वातावरणमा बाँच्न पाउने सबै नागरिकको अधिकारलाई नेपालको संविधानको धारा ३० ले प्रत्याभूत गरेको छ । साथै नेपालको राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाई विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गर्ने नीति लिएको छ । त्यसैगरी विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय तह, समुदाय र सम्बन्धित संघ/संस्थाहरूलाई परिचालन गरी विद्यालयको आन्तरिक तथा वाह्य वातावरण

पर्यावरणमैत्री तथा बालमैत्री बनाइने नीति समेत लिएको पाइन्छ । बालबालिकाको समतामूलक, समावेशी तथा गुणस्तरीय शिक्षासम्बन्धी अधिकारलाई सुनिश्चित गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लागू गरेको नेपालको विद्यालय शिक्षा क्षेत्रको योजना (२०७९-२०८९) ले समेत स्वच्छ, हरित तथा सुरक्षित विद्यालयका लागि प्रवर्धनात्मक क्रियाकलाप सँगै स्थानीय तहले हरित तथा स्वच्छ विद्यालयसम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ ।

काठमाडौँ उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले सफा र स्वच्छ काठमाडौँ उपत्यकाको दीर्घकालीन सोंच राखेको र उपत्यकामा वायु प्रदूषण रोकथाम र नियन्त्रण गरी नागरिकलाई स्वच्छ र सफा वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने लक्ष्य राखेको छ । यस कार्ययोजनाको रणनीतिक क्षेत्रमा समेत विद्यालय शिक्षा तथा विद्यालयहरूमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरूको दायित्व रहने व्यवस्था गरिएको छ । सोही व्यवस्थालाई समेत दृष्टिगत गरी काठमाडौँ उपत्यकाको मेयर्स फोरमले आफ्नो १० बुँदे घोषणापत्रमा विद्यालय शिक्षा मार्फत वायु प्रदूषण न्यूनीकरण र वातावरणप्रति विद्यार्थीहरूको संवेदनशीलता प्रवर्धन गर्न हरित तथा स्वच्छ विद्यालयको कार्ययोजना बनाइ कार्यान्वयन गरिने विषयलाई प्राथमिकता दिएको छ ।

नेपाल सरकारबाट जारी भएका वायु प्रदूषण लगायत वातावरणसँग सम्बन्धित प्रचलित कानून, नियम तथा निर्देशिका एवम् स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले वातावरण संरक्षण गर्ने जिम्मेवारी स्थानीय तह समेतलाई तोकेको छ । शैक्षिक संस्थाहरू र वरपरको क्षेत्रमा व्यापक हरियाली विकासमार्फत पृथ्वीको बहन क्षमता अभिवृद्धि गर्न तथा वातावरण प्रदूषणबाट जैविक विविधतामा परेको असर न्यूनीकरण गर्दै पारिस्थितिक पद्धतिमा सन्तुलन कायम गर्न, स्वच्छ एवम् हरित पृथ्वी भावी पुस्तालाई हस्तान्तरण गर्न एवम् शिक्षाका माध्यमबाट विद्यार्थी तथा आम जनसमुदायमा वातावरणमैत्री व्यवहार विकास गर्नका निमित्त वि.सं. २०७५ मा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रलायले हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका जारी गरेको थियो । संविधानतः विद्यालय शिक्षा व्यवस्थापनको मूल जिम्मेवारी स्थानीय तहमा रहेको सन्दर्भमा विद्यालय शिक्षामा उल्लिखित निर्देशिका लगायत वातावरण सम्बन्धी अन्य कार्यक्रमहरू स्थानीय सरकारबाट सञ्चालन गर्नुपर्ने अवस्था रहेको छ ।

सेवाप्रवाहको मूख्य जिम्मेवारी रहेको यस कागेश्वरी मनोहरा नगरपालिकाले विद्यालय शिक्षामा वातावरणसँग सम्बन्धित समग्र पक्षलाई समेटेर सचेतनामूलक कार्यक्रम मार्फत वातावरण प्रदूषण तथा विपद् जोखिम न्यूनीकरण गर्न तथा हरित विद्यालय कार्यक्रम कार्यान्वयनका विषयलाई प्राथमिकतामा राखी सरकारी, गैरसरकारी तथा निजीक्षेत्र सबैका प्रयासलाई विद्यालय शिक्षामार्फत वातावरणप्रति वालबालिकाको संवेदनशीलता अभिवृद्धि गर्नका लागि यो हरित तथा स्वच्छ विद्यालयको प्रारुप र कार्ययोजना तर्जुमाको आवश्यकता रहेको हो ।

## ३.२ हरित तथा स्वच्छ विद्यालय प्रारुपको लक्ष्य

कागेश्वरी मनोहरा नगरपालिका भित्रका विद्यालयहरूमा शैक्षिक क्रियाकलाप मार्फत हरित विद्यालय, विपद् व्यवस्थापन, वायु प्रदूषण न्यूनीकरण र वातावरणप्रति विद्यार्थीहरूको संवेदनशीलता प्रवर्धन गरी बालबालिकाको शैक्षिक उपलब्धिमा सुधारको सुनिश्चितता सहित स्वच्छ, सफा, हराभरा विद्यालय बनाउनु यस प्रारुपको दीर्घकालीन लक्ष्य रहेको छ ।

## ३.३ उद्देश्य

३.१ हरित विद्यालय कार्यक्रम कार्यान्वयन गर्नु ।

३.२ हरित तथा स्वच्छ विद्यालय सम्बन्धी सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु ।

३.३ विद्यालय शिक्षा मार्फत वायु प्रदूषण न्यूनीकरण र वातावरण प्रति विद्यार्थीहरूको संवेदनशीलता प्रवर्धन गर्नु ।

३.४ विद्यालयमा हुने वातावरणीय गतिविधिमा सामुदायिक सहभागिता अभिवृद्धि गर्दै हरित समुदाय प्रवर्धन गर्नु ।

३.५ विद्यालयमा अध्ययनरत बालबालिकालाई विपद् व्यवस्थापन, जलवायु परिवर्तन न्यूनीकरण तथा वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील बनाउनु ।

## ३.४ हरित तथा स्वच्छ विद्यालय प्रारुपको मूलभूत सिद्धान्त

हरित तथा स्वच्छ विद्यालय सम्बन्धी यस प्रारुपलाई व्यवहारमा लागूगर्ने क्रममा निम्न अवधारणाहरूलाई आधारभूत सिद्धान्तको रुपमा अवलम्बन गरिनेछः

### ३.४.१ अधिकारमूखी दृष्टिकोण (Right-based perspective)

स्वच्छ वातावरणमा शिक्षा प्राप्त गर्न पाउने बालबालिकाको अधिकार हो । सुरक्षित, स्वस्थ र प्रदूषणरहित वातावरणमा गुणस्तरीय शिक्षामा पहुँच पाउनु पर्ने प्रत्येक बालबालिकाको अधिकारलाई प्रबर्धन गरिनु पर्दछ । यसर्थ बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्यलाई बढावा दिँदै सर्वाङ्गीण सिकाईका अवसर प्रदान गर्न स्वच्छ वातावरणको सुनिश्चितता गरिनेछ ।

### ३.४.२ बहुआयामिक दृष्टिकोण (Multi-disciplinary approach)

वातावरणीय समस्या समाधानमा बहुआयामिक तथा बहुक्षेत्रीय दृष्टिकोण जरुरी छ । विद्यालयहरूमा दिगो र पर्यावरणमैत्री अभ्यासहरू पालना गर्न ज्ञान र विशेषज्ञताका विविध क्षेहहरूलाई एकीकृत ढंगले अघि बढाइनु पर्दछ। यसका लागि विद्यालयमा अध्यापन गरिने विभिन्न विषयहरू जस्तै विज्ञान तथा प्रविधि, सामाजिक शिक्षा, स्वास्थ्य, गणित आदिका ज्ञानहरूलाई वातावरणीय विषयहरू सिक्न सिकाउन प्रयोग गरिनेछ । यसका साथै वातावरणीय, जलवायु र स्वच्छ हावा शिक्षामा जोड दिने अन्तरविषय सिकाइका अवसरहरू प्रदान गरी विद्यार्थीहरूलाई वातावरणीय समस्याहरूको अन्तरसम्बन्ध बुझ्न प्रोत्साहन गरिनेछ ।

### ३.४.३ सक्रिय सिकाई (Active Learning)

यस सिद्धान्तले विद्यार्थीहरूलाई ह्यान्ड्स-अन, वातावरणसँग प्रत्यक्ष अन्तरक्रिया तथा प्रयोगात्मक गतिविधिहरू मार्फत सिकाइ प्रक्रियामा संलग्न गराउने कुरामा जोड दिन्छ । यसबाट विद्यार्थीहरूमा आलोचनात्मक सोंच तथा समस्या समाधान गर्ने सीपहरू प्रवर्द्धन

हुन जाने अपेक्षा गरिएको छ । सक्रिय सिकाई प्रक्रियामार्फत विद्यार्थीहरूलाई वास्तविकतामा आधारित परियोजना कार्यहरूमा सहभागी गराइ वातावरण संरक्षण तथा बालमैत्री वातावरण प्रवर्द्धन गरिनेछ ।

### ३.४.४ साझा दायित्वको सिद्धान्त (Principle of Collective Accountability)

वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरणका विषय व्यक्ति, समुदाय, शैक्षिक संस्था तथा सबै तहमा रहेका सरकारको साझा दायित्व हो । यस सिद्धान्त अनुरुप पर्यावरणको संरक्षण तथा वातावरणीय जोखिम न्यूनीकरणका लागि विभिन्न क्षेत्रहरूमा सहकार्य आवश्यक रहने, सामुहिक पहलहरू र पारस्परिक जवाफदेहिताको संस्कृतिलाई प्रवर्द्धन गरिनुपर्ने मान्यतालाई जोड दिइनेछ ।

### ३.४.५ मूल्य र मान्यतामा आधारित शिक्षा (Vaue-based Education)

वातावरणीय शिक्षाको लागि मूल्य र मान्यतामा आधारित शिक्षाको सिद्धान्तले वातावरणको संरक्षणलाई प्रवर्द्धन गर्ने नैतिक मूल्य, मनोवृत्ति र व्यवहारलाई जोड दिन्छ । जसअनुरुप हरित तथा दिगो विकासका अभ्यासलाई प्रवर्द्धन गर्न व्यक्तिगत जिम्मेवारीलाई सिकाइ प्रक्रियामा समावेश गरिनेछ र वातावरणीय रुपमा जिम्मेवार नागरिक विकास गर्न प्रोत्साहन गरिनेछ ।

### ३.४.६ सहकार्य तथा सहभागिता (Collaboration and Participation)

वातावरणीय शिक्षा प्रवर्धनका लागि विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय समुदाय र संस्थाहरू लगायत विविध सरोकारवालाहरूको सक्रिय संलग्नता आवश्यक छ । यस्ता समन्वय, सहकार्य, क्षमता विकास तथा जनसहभागिताबाट सबैको स्वामित्व, उत्तरदायित्व र सामूहिक पहलहरूलाई अघि बढाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ । यसर्थ वातावरणीय चुनौतिहरूलाई सम्बोधन गर्न र दिगो परिवर्तनलाई प्रवर्धन गर्नका लागि वातावरणीय शिक्षालाई जोड दिदैं सम्बन्धित व्यक्ति, संस्था तथा निकायहरूसँगको सहकार्य, साझेदारी तथा संलग्नता सुनिश्चित गरिनेछ ।

### ३.४.७ जीवनपर्यन्त शिक्षा (Life-long Learning)

वातावरणीय स्वच्छताको निरन्तरताका लागि जीवनपर्यन्त शिक्षा आवश्यक छ । यस सिद्धान्तले जीवनका हरेक चरणमा निरन्तर सिकाइ र जागरुकता निर्माणमा जोड दिन्छ । वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरण एक निरन्तर प्रक्रिया हो र यससँग जोडिएर आउने नयाँ चुनौतिहरूलाई सम्बोधन गर्ने नयाँ ज्ञान तथा सीपहरूमा पनि व्यक्ति तथा समुदायले दक्षता हासिल गर्दै सिकाईलाई अद्यावधिक गरेको सुनिश्चित गरिनु पर्दछ । यसर्थ विद्यार्थी मात्र नभई विद्यालय समुदायसँग सम्बन्धित सरोकारवालाहरूको पनि वातावरणीय ज्ञान र सीपहरूमा सक्षमता अभिवृद्धि गर्दै आजीवन सिकाइलाई प्रोत्साहित गरिनेछ र आफ्नो दैनिक जीवनमा दिगो अभ्यास मार्फत स्वच्छ वातावरणको निरन्तरताका लागि योगदान पुर्‍याउन विद्यालय समुदायलाई मद्दत गरिनेछ ।

## परिच्छेद - ४

# हरित तथा स्वच्छ विद्यालयको ढाँचा

## ४. कार्यढाँचाः

### ४.१ हरित विद्यालय कार्यक्रम कार्यान्वयन गर्ने ।

#### ४.१.१ वर्तमान अवस्था

बढ्दो वातावरणीय समस्या, जलवायु परिवर्तन तथा उर्जा सङ्कट अहिले विश्वभर जटिल चुनौतिको रुपमा देखापरेका छन् । यस्ता समस्याहरू मूल कारकको रुपमा मानवजन्य क्रियाकलाप नै हुन् । प्राकृतिक स्रोतहरूको अत्याधिक दोहन, विकासका नाममा भएका वनजंगलको विनाश, मानवबस्ती र औद्योगिक क्षेत्रको तीब्र विस्तार, कृषिमा रासायनिक मलखाद तथा किटनाशक विषादीको जथाभावी प्रयोग जस्ता कार्यहरूले हाम्रो वरपरको हावा, पानी र जमीनमा नकारात्मक असर पुग्न गएको छ । यसले गर्दा जैविक विविधतामा ह्रास, गुणस्तरीय जीवनयापनमा कठिनाइ भोग्नु परेको छ । अहिले विश्वव्यापी रुपमा सिर्जित समस्याहरूको समयमै रोकथाम तथा समाधान गर्न मानवीय क्रियाकलापमा सुधार हुनु आवश्यक छ । यस्ता सुधारका कार्यहरू विद्यालयलगायत विकासका हरेका क्षेत्रमा समावेश हुनुपर्दछ ।

विद्यालयको वातावरण सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउँदै विद्यालयलाई एक जीवित प्रयोगशालाको रुपमा विकास गर्ने तथा विद्यार्थीले प्राप्त गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र जीवनोपयोगी बनाउनुका साथै विद्यालय सेवाक्षेत्रभित्र वातावरण संरक्षण गर्न विद्यार्थी, शिक्षक, अभिभावक र समुदाय परिचालन गर्ने लगायतका उद्देश्य राखि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले "हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५" जारी गरेको छ ।

उक्त निर्देशिका "एक विद्यालय एक बगैंचा" तथा "विद्यालयमा हरियाली" प्रवर्द्धनमा मात्र केद्रित भएको हुँदा हरित विद्यालय भनेकै हरियाली प्रवर्द्धन मात्र हो भन्ने बुझाई छ र जग्गा थोरै भएका विद्यालयहरूमा मापदण्डअनुसार बगैंचा निर्माण गर्न नसकेको अवस्था छ । यसकारण हरित विद्यालयको बृहत् अवधारणालाई समेटेर हरियाली प्रवर्द्धनका साथै उर्जा तथा पानीको किफायती प्रयोग, फोहोरमैला व्यवस्थापन, इको क्लबको गठन र सिकाइ केन्द्रको विकास सहितको हरित विद्यालयको कार्यक्षेत्रलाई समेटेर कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने अवस्था रहेको छ ।

### ४.१.२ समस्या तथा चुनौतीहरू

विद्यमान निर्देशिका जग्गाको उपलब्धतामा मात्र केन्द्रित हुँदा हरित विद्यालयका अन्य पक्षहरू ओझेलमा परेकाले हरित विद्यालयका ६ वटै (हरियाली प्रवर्द्धन, फोहोरमैला व्यवस्थापन, पानीको उचित प्रयोग, उर्जामैत्री अभ्यास, इको क्लबको गठन एवं परिचालन, र सिकाइ केन्द्रको रूपमा विकास तथा कार्यान्वयन) पक्षमा कार्य गर्नुपर्ने चुनौति रहेको छ । हरित विद्यालय कार्यक्रम कार्यान्वयनको लागि संघीय तहदेखि विद्यालय तहसम्म विभिन्न समितिको व्यवस्था गरिएको छ । सोही अनुरुप कागेश्वरी मनोहरा नगरपालिकाको तहमा समेत "हरित विद्यालय कार्यक्रमको कार्यान्वयन, व्यवस्थापन, सहजीकरण र रेखदेख गर्ने गराउने" नगरस्तरीय समिति गठन गर्नुपर्ने चुनौति देखिन्छ ।

यस नगरपालिका अन्तर्गत रहेका विद्यालय क्षेत्रभित्र हुने फोहोरको व्यवस्थापन प्रभावकारीरूपमा हुन सकेको छैन । कुहिने र नकुहिने फोहोर छुटयाउने र विसर्जन गर्न समस्या रहेको छ । अधिकांश विद्यालयहरूले हरियाली क्षेत्र निर्माण गर्न सकेको छैन । विद्यालयका बालबालिकाहरूमा बोटबिरुवा संरक्षण तथा वृक्षारोपणको महत्वबारे सचेतनाको कमीका कारण र घेराबार नहुनाले पनि रोपिएका बिरुवाहरूको उचित संरक्षण हुन नसकेको देखिन्छ ।

### ४.१.३ सम्भावना तथा अवसरहरू

वातावरण शिक्षासम्बन्धी सैद्धान्तिक ज्ञानलाई व्यवहारमा ल्याउन सकिने र विद्यालयस्तरमा नै प्रभावकारी फोहोर वर्गीकरण र व्यवस्थापनमा गर्न सकिने देखिन्छ । हरित विद्यालयको निर्माण गरी नमुना विद्यालयको रूपमा स्थापित गर्ने सम्भावना रहेको छ ।

### ४.१.४ रणनीति

क) विद्यालयलाई एक जीवित प्रयोगशाला (Living Labroratory) को रुपमा विकास गर्दै हरित विद्यालय कार्यक्रम कार्यान्वयनका निमित्त निम्न आधारभूत पक्षहरूलाई समेटेर कार्यक्रम सञ्चालन गर्ने :-

(१) हरियाली प्रवर्धन

(२) फोहोरमैला व्यवस्थापन

(३) पानी व्यवस्थापन तथा सरसफाई

(४) उर्जामैत्री विद्यालय

(५) सिकाइ केन्द्रको विकास तथा सञ्चालन

(६) इको क्लब

ख) हरित विद्यालय अन्तर्गत गरिने क्रियाकलापहरू जस्तै : वृक्षारोपण, हरित घेरावार, तरकारी खेती, जडिबुटी खेती, फोहोरमैला व्यवस्थापन, हर्वेरियम संकलन, इको लाइब्रेरी निर्माण, पानीको समुचित उपयोग, उर्जामैत्री कार्यक्रम, सौर्य उर्जाको प्रयोग आदिलाई कक्षागत तहअनुसार विज्ञान, वातावरण शिक्षा, सामाजिक शिक्षा, स्वास्थ्य, नेपाली, अंग्रेजी, गणित, सिर्जनात्मक अभिव्यक्ति कला जस्ता विषयका पाठ्यक्रमसँग एकीकृत गरी अध्यापन गराउने ।

ग) हरियाली प्रवर्द्धन अन्तर्गतका विषयवस्तुहरू पेसा व्यवसाय, कृषि, वनस्पतिहरूको जीवनचक्र, हानिकारक र उपयोगी जीवहरू, पारिस्थितिक प्रणाली, माटोको प्रकार जस्ता विषयको प्रयोगात्मक शिक्षासँग जोडेर गराउने ।

घ) स्वास्थ्य विषयको पाठ्यक्रममा समावेश हुने प्रदूषित हावा, पानी र फोहोरमैलाबाट सर्ने रोग तथा सरसफाइ आदिको बारेमा हरित विद्यालयको एक आधारभूत पक्ष स्वच्छ हावा तथा फोहोरमैला व्यवस्थापन अन्तर्गत शिक्षण सिकाइमा उपयोग गर्ने ।

ङ) विद्यालयमा करेसावारी तथा फलफूल बगैंचाको स्थापना मार्फत विद्यार्थीहरूमा खाद्यान्न तथा पोषणसम्बन्धी सिकाईलाई जोड्ने ।

च) वनस्पतिहरूको नर्सरी वा व्याड बनाउँदा त्यसको लम्बाइ, चौडाइ, उचाइ नाप्न लगाई गणितका क्षेत्रफल, आयतन जस्ता विषयहरू सिकाउने । साना कक्षाका विद्यार्थीहरूलाई विभिन्न बोटविरुवाका पातहरू देखाई विरुवा चिन्न सिकाउने तथा पातको आकार जस्तै : लाम्चो, चारपाटे, त्रिकोणात्मक आदि गणितसँग सम्बन्धित विषयवस्तुहरू सिकाउने ।

छ) विद्यार्थीहरुलाई कक्षाकोठा बाहिर बगैंचा, वृक्षारोपण क्षेत्र, करेसावारी आदिमा ठाउँमा लगेर वनस्पतिहरूको अवलोकन गराई त्यस सम्बन्धी कथा, कविता, निबन्ध लेख्न लगाई भाषागत विकासमा सहयोग पुऱ्याउने ।

ज) उर्जा तथा पानीको समुचित प्रयोग एवम् फोहोरमैलाको उचित व्यवस्थापन मार्फत नैतिक शिक्षाको बारेमा ज्ञान दिने ।

झ) विद्यालयमा पानीको व्यवस्थापनको लागि सोक पिट (Soak Pit) तथा आकाशे पानी संकलन केन्द्र निमांण गरेर विद्यार्थीहरूलाई विज्ञानसँग जोडेर जलचक्र, जलीय वनस्पति, जल प्राणी र तिनका जीवनचक्र तथा जमीनमा पानीको सञ्चिति प्रक्रियाबारे जानकारी प्रदान गर्ने ।

ञ) वायो ग्याँसको निर्माण गरी उर्जा (ताप र प्रकाश) निकाली फाहोर व्यवस्थापनसँगै उर्जा बत्ती, खाना पकाउन लाग्ने दाउरा/ग्याँस/विद्युतको खर्चमा कटौति गर्न सकिने कुरासँगै गणितको ऐकिक नियमसमेत सिकाउने ।

ट) प्रयोग भइसकेका प्लास्टिकका बोतल उपयोग गरी तरकारी एवम् फूलका विभिन्न विरुवा रोप्न लगाई विद्यालयमा ह्याङ्गिङ गार्डेन बनाई प्लास्टिकको पुनःप्रयोग मार्फत वातावरण सफा राख्ने विषय सिकाउने ।

ठ) इको क्लबको गठन र सञ्चालन गरी विद्यार्थीहरूमा समाजिक विषयको पाठ्यक्रमसँग जोडी सामाजिक तथा वातावरणीय परिवेश र नेतृत्व गर्ने क्षमताको विकास गर्ने ।

## ४.२ हरित तथा स्वच्छ विद्यालयसम्बन्धी सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

### ४.२.१ वर्तमान अवस्था

यस कागेश्वरी मनोहरा नगरपालिकामा ९ वटा वडाहरु रहेका छन् । नगरपालिकाले गरेको घरधुरी जनगणना सर्वेक्षण २०७५ अनुसार यस नगरपालिकामा जम्मा १३३,३३२ जनसँख्या र २१,०२८ घरधुरी रहेका छन् । नगरपालिकामा जम्मा १५ सामुदायिक विद्यालय, ८९ संस्थागत विद्यालय, १ बैकल्पिक विद्यालय, २ सामुदायिक सिकाइ केन्द्र, १ गुम्वा विद्यालय र १ महिला गृहिणी विद्यालय गरी जम्मा १०९ वटा विद्यालयहरु रहेका छन् । यहाँ अध्ययनरत विद्यार्थी बालबालिका, अध्यापनरत शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, जनप्रतिनिधि तथा यस नगरपालिकाअन्तर्गत रहेका सबै राष्ट्रसेवक कर्मचारीहरू विद्यालय शिक्षा क्षेत्रका सरोकारवालाहरू हुन् । यस कार्ययोजनाले निर्देशित गरेका कतिपय कार्यक्रमहरू विद्यालयमा अभ्यास भएको पाइन्छ भने, धेरैजसो क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ४.२.२ समस्या तथा चुनौतीहरू

हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका एवम् यसका विविध पक्षहरूबारे स्थानीय सरोकारवालाहरूमा जानकारी नहुनु हरित तथा स्वच्छ विद्यालय निर्माणमा मूख्य समस्या देखिन्छ । साथै हरित विद्यालय कार्यक्रम कार्यान्वयन सीपको अभाव हुनु, वातावरण प्रदूषण तथा जलवायु परिवर्तनबारेको बुझाईमा एकरुपता नहुनु, विपद् जोखिम न्यूनीकरणजस्ता विषय शिक्षण सिकाइमा समावेश हुन नसक्नु, वायु प्रदूषणको असर न्यूनीकरण गर्न सही सूचना तथा उपायहरूमा विद्यार्थीको पहुँच नहुनु, प्रदूषणका कारण हुन सक्ने आपत्कालीन स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक ज्ञान, सीप र स्रोतको अभाव आदि मुख्य चुनौतिका रुपमा रहेका छन् ।

### ४.२.३ सम्भावना तथा अवसरहरू

वातावरण शिक्षासम्बन्धी सैद्धान्तिक ज्ञानलाई व्यवहारमा ल्याउन सकिने र यसका लागि मूख्यतः शिक्षक तालिममा “हरित तथा स्वच्छ विद्यालय कार्यक्रम” कार्यान्वयन सीप समावेश गर्ने अवसर नगरपालिकामा रहेको छ । साथै कतिपय विद्यालयमा इको क्लब गठन भइसकेको र सो क्लब र नयाँ बन्ने इको क्लब, शिक्षक, विद्यालय व्यवस्थापन समिति, तथा अभिभावकलाई वातावरण प्रदूषण तथा जलवायु परिवर्तन शिक्षासम्बन्धी

प्रशिक्षण प्रदान गर्न सकिन्छ । यसका साथै सरोकारवालाहरूलाई भूकम्प, बाढी/पहिरोजन्य, आगलागीजस्ता विपद् एवम् वायु प्रदूषण जोखिम न्यूनीकरण सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न सकिन्छ। वायु गुणस्तर सूचकांकको आधारमा विभिन्न देशका विद्यालयमा अभ्यास गरिने विद्यालय झण्डा कार्यक्रमलाई यस नगरपालिकाका विद्यालयमा पनि अनुसरण गरी सो मार्फत वायु प्रदूषणको स्थितिबारे विद्यार्थीलाई सचेतीकरण गर्न तथा प्रदूषणको असरबाट जोगिने उपायहरू अपनाउन अभिप्रेरित गर्न सकिने अवसर रहेको छ।

#### ४.२.४ रणनीति

क) हरित तथा स्वच्छ विद्यालय कार्यक्रम कार्यान्वयन सीपसम्बन्धी शिक्षकहरूलाई तालिम प्रदान गर्ने ।

ख) इको क्लब, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकलाई वातावरण प्रदूषण तथा जलवायु परिवर्तन शिक्षासम्बन्धी अभिमुखीकरण तथा प्रशिक्षण प्रदान गर्ने ।

ग) विपद् (भूकम्प, बाढी/पहिरोजन्य, आगलागी, वायु प्रदूषण) सम्बन्धी सचेतना अभिबृद्धि कार्यक्रम/तालिम सञ्चालन गर्ने ।

घ) वायु प्रदूषणको स्थितिबारे सचेतीकरण गर्न विद्यालय झण्डा (School Flag) अवधारणा सम्बन्धी तालिम प्रदान गर्ने ।

ङ) विद्यालय नर्स वा फोकल शिक्षकलाई प्रदूषणका कारण हुन सक्ने आपत्कालीन स्वास्थ्य सेवा प्रवाहका लागि तालिम दिने ।

### ४.३ विद्यालय शिक्षा मार्फत वायु प्रदूषण न्यूनीकरण र वातावरण प्रति विद्यार्थीहरूको संवेदनशीलता प्रवर्द्धन गर्ने ।

#### ४.३.१ वर्तमान अवस्था

वातावरणीय समस्याका कारण वर्तमान समयमा मानवजाति पीडित भइरहेका छन् र हामीले विनासकारी कार्यहरू गरिरहँदा यी समस्याहरू पनि तीब्ररूपमा बृद्धि हुँदै गएका छन् । जलवायु परिवर्तन, वन फँडानी, वायु प्रदूषण आदि हामीले सामना गरिरहेका प्रमुख वातावरणीय समस्याहरू हुन् । दिगो भविष्यतर्फ जाने राष्ट्रिय संकल्प पुरा गर्ने क्रममा उल्लिखित समस्याहरूलाई सम्बोधन गरिनु अत्याबश्यक भैसकेको छ । वायु प्रदूषणले प्रत्यक्ष स्वास्थ्य जोखिमहरू निम्त्याउँछ भने यसको प्रभाव मानव स्वास्थ्यभन्दा बाहिर पृथ्वीको जलवायुबाट प्रभावित जटिल वातावरणीय प्रक्रियाहरूमा फैलिएको छ। वायु प्रदूषण र जलवायु परिवर्तन एकआपसमा अन्तरसम्बन्धित समस्याहरू हुन् ।

नेपालमा बढ्दो औद्योगिकीकरण र सहरीकरणबाट उत्पन्न हुने वायु प्रदूषण तथा वातावरणीय स्वास्थ्य सम्बन्धी थुप्रै समस्याहरू विद्यमान छन्। जसबाट दम, ब्रोन्काइटिस

र फोक्सोको क्यान्सर लगायत हृदयघात, स्ट्रोक र अन्य श्वासप्रश्वाससम्बन्धी समस्याहरू निम्त्याउन सक्छ । रोग प्रतिरोधी क्षमता कमजोर हुनाले तथा शरीरको विकास पूरा नभइसकेको अवस्थामा विशेष गरी बालबालिकाहरू वातावरणीय स्वास्थ्यसम्बन्धी समस्याबाट बढी पीडित हुनजान्छन् र त्यसको प्रत्यक्ष असर उनीहरूको बौद्धिक विकास तथा शिक्षामा पर्न जान्छ ।

वायु प्रदूषणबाट उत्पन्न चुनौतिको सामना गर्नका लागि सक्षम नागरिक तयार पार्न विद्यालय शिक्षा पाठ्यक्रमको प्रभावकारिता रहने यथार्थलाई नेपाल सरकारद्वारा जारी काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ मा समेत विशेष स्थान दिइएको छ । यसका साथै आवधिक विकास योजना र शिक्षासम्बन्धी राष्ट्रिय नीति तथा योजनाहरूले वातावरण तथा दिगो विकासका लागि विद्यालयको पाठ्यक्रममा वायुप्रदूषणको विषयलाई समावेश गर्नेतर्फ नीतिगत व्यवस्था गरेको पाईन्छ ।

नेपालको विद्यालय शिक्षाको वर्तमान पाठ्यक्रममा वातावरणीय विषयहरू समावेश गरिएको भए तापनि ती विषयहरूप्रति विद्यार्थीलाई परिचय गराउनुमा सीमित भएको पाइन्छ । जसबाट वायु प्रदूषणलगायत वातावरणीय ह्रासलाई न्यूनीकरण गर्न आवश्यक दृष्टिकोण, ज्ञान, सीप, तथा मूल्य मान्यताको विकासमा जोड दिन सकिएको छैन । यसर्थ वायु प्रदूषण तथा जलवायु परिवर्तनको समस्यालाई सम्बोधन गर्न बहुआयामिक दृष्टिकोणका साथै तिनीहरूको जोखिमलाई कम गर्नका लागि के-कस्ता कदमहरू चाल्न सकिन्छ भन्ने बारेको बुझाई, ज्ञान, सीप तथा दक्षता प्रदान गर्न विद्यालय शिक्षामार्फत व्यक्तिको व्यवहार परिवर्तनसम्बन्धी आवश्यक सिकाई सहजीकरण गर्न आवश्यक देखिन्छ ।

### ४.३.२ समस्या तथा चुनौतीहरू

विद्यालय शिक्षामार्फत वायु प्रदूषण न्यूनीकरण र वातावरण प्रति विद्यार्थीहरूको संवेदनशीलता अभिबृद्धि गर्ने विविध प्रयासहरू भए तापनि वायु प्रदूषण तथा जलवायु परिवर्तनका सम्बन्धमा यसको व्यापकताका पक्षबाट निम्न लिखित चुनौतिहरू विद्यमान छन् :-

- वायु प्रदूषण तथा जलवायु परिवर्तनलगायत वातावरणसम्बन्धी विषयको व्यापकतालाई तल्लो कक्षाको शिक्षाबाट उच्च तहसम्मको सामञ्जस्य ।
- प्रदूषणसम्बन्धी शिक्षा ठोस फोहोर व्यवस्थापन, ध्वनि तथा नदीको प्रदूषणसम्बन्धी शिक्षामा सीमित ।
- वायु प्रदूषणको विषय विज्ञान वा स्वास्थ्य वा वातावरण विज्ञान अन्तर्गत मात्र नभई अन्य विषयमार्फत पनि सिक्न सिकाउन सकिन्छ भन्ने अवधारणामा कमी ।
- वायु प्रदूषण न्यूनीकरण गर्न हरेक व्यक्तिको योगदान रहने बारे कमै चर्चा ।

- शिक्षकको पेशागत तालिममा वायु प्रदूषण तथा जलवायु परिवर्तन न्यूनीकरणसम्बन्धी विषयको प्राथमिकतामा कमी ।
- विद्यालयको आन्तरिक तथा वाह्य वायु गुणस्तरसम्बन्धी मापदण्डको अभाव ।
- विद्यार्थीको शैक्षिक उपलब्धि मापन गर्दा वायु प्रदूषणको असर तथा अन्तर्सम्बन्धलाई उजागर गर्ने प्रणालीको अभाव ।
- वायु प्रदूषण तथा जलवायु परिवर्तन सम्बन्धीको शिक्षण सिकाइलाई क्रियाकलापमा आधारित बनाई वैज्ञानिक तथा व्यवहारिक विधिमार्फत हुन नसक्नु ।
- वातावरणमैत्री व्यवहारका लागि विद्यार्थीलाई अभिभावक तथा समुदायसँग जोड्न नसक्नु ।

### ४.३.३ सम्भावना तथा अवसरहरू

विद्यालय शिक्षा पाठ्यक्रम तथा शैक्षिक गतिविधिमार्फत वायु प्रदूषण न्यूनीकरण र वातावरण प्रति विद्यार्थीहरूको संवेदनशीलता प्रवर्धन गर्न सकिने अधिक अवसरहरू रहेका छन् । शिक्षण सिकाइलाई प्रयोगात्मक गतिविधिमार्फत प्रवर्द्धन गरी, वायु प्रदूषणसँग सम्बन्धित विषयवस्तुलाई पाठ्यक्रमसँग सामन्जस्यता बनाउदै वातावरणप्रति संवेदनशीलता बढाउने अवसर रहेको छ । त्यसैगरी यस कागेश्वरी मनोहरा नगरपालिकाको उत्तरी भेगमा अधिक हरियाली क्षेत्रलाई अवसरको रुपमा लिई विद्यालयका बालबालिकालाई प्रकृति बारेको प्रत्यक्ष सिकाई अनुभव प्रदान गर्न सकिने देखिन्छ ।

त्यसैगरी स्थानीय पाठ्यक्रम तथा सिकाई सामग्रीको समायसापेक्ष पुनरावलोकन गरी वायु प्रदूषणका विषयवस्तुलाई समावेश गर्न सकिन्छ भने नगरपालिका आफैले विभिन्न शैक्षिक स्रोत सामग्री बनाई कार्यान्वयन गर्न सक्ने अवसर रहेको छ। विद्यालयले तयार गर्ने विद्यालय सुधार योजनामै वातावरणसम्बन्धी विषय समावेश गरेर कार्यान्वयन गर्न सकिने र सह पाठ्यक्रम वा अतिरिक्त क्रियाकलापको माध्यमबाट वातावरणीय शिक्षा प्रवर्द्धन गर्न सकिने अवसर रहेको छ। यसका साथै वातावरणीय शिक्षा प्रवर्द्धनका लागि शिक्षक तालिममा समवेश गर्न र इको क्लबको परिचालन गरी विद्यार्थीको सहभागिता उच्च बनाउन सकिने अवसर रहेको छ ।

### ४.३.४ रणनीति

क) विद्यालय सुधार योजनामा वातावरण सुधारका योजना समावेश गर्ने ।

ख) विद्यालयमार्फत वायु प्रदूषण तथा जलवायु परिर्वतनसम्बन्धी शिक्षा प्रबर्द्धन गर्न स्थानीय पाठ्यक्रम/शिक्षक निर्देशिका/सिकाई सामग्रीमा समावेश गर्ने ।

ग) वायु प्रदूषण न्यूनीकरणका उपायहरू तथा वातावरणसम्बन्धी शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा सम्बन्धित विद्यालय समुदायको क्षमता अभिवृद्धि गर्ने ।

घ) वायु प्रदूषण नियन्त्रणका लागि नगरपालिका भित्रका शिक्षा सरोकारवालाहरूको संलग्नता अभिवृद्धि गर्ने ।

ङ) विद्यालयको वार्षिक कार्यतालिकामा नियमितरूपमा कार्यान्वयन गर्ने गरी वायु प्रदूषण नियन्त्रण तथा वातावरणसम्बन्धी सह-पाठ्यक्रम तथा अतिरिक्त क्रियाकलाप समावेश गर्ने ।

च) विद्यार्थीहरूको क्षमता अभिवृद्धि गरी इको क्लबको नेतृत्वमा विद्यालय र समुदायबीच वातावरण संरक्षणसम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सहजीकरण गर्ने ।

## ४.४ विद्यालयमा हुने वातावरणीय गतिविधिमा सामुदायिक सहभागिता अभिवृद्धि गर्दै हरित समुदाय प्रवर्द्धन गर्ने ।

### ४.४.१ वर्तमान अवस्था

विद्यालय शिक्षाका विभिन्न गतिविधिमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको सहभागिता रही आएको छ । यद्यपि, सामुदायिक विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका निमित्त अभिभावकहरूको सहभागिता अपेक्षा गरेअनुरुप हुन सकेको छैन भने हरित तथा स्वच्छ विद्यालय निर्माणमा स्थानीय समुदायको योगदानलाई जोड्न उत्तिकै आवश्यक रहेको छ ।

### ४.४.२ समस्या तथा चुनौतीहरू

विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका निमित्त अभिभावक र स्थानीय समुदायको भूमिका महत्वपूर्ण हुने विषयबारे सबै नगरबासीको सचेतना अभिवृद्धि गर्दै विद्यालयका गतिविधिमा सहभागिता सुनिश्चित गर्नु चुनौतिपूर्ण देखिन्छ । विद्यालयप्रति स्थानीय समुदायको अपनत्वमा कमी हुनु, हरित समुदाय निर्माणमा स्थानीय समुदायले चासो नदिनु, तथा विद्यालयमा हुने वातावरणीय गतिविधिमा स्थानीय समुदायको ज्ञान, सीप तथा स्रोतलाई जोड्न नसक्नु अहिले दखिएका मूल चुनौतिहरू हुन् ।

### ४.४.३ सम्भावना तथा अवसरहरू

विद्यालय शिक्षाको व्यवस्थापन स्थानीय तहको मातहतमा रहनु र समुदायसँग नजिक रहेर वडा कार्यालयहरू मार्फत नगरपालिकाले आफ्ना क्रियाकलापहरू सञ्चालन गर्ने विषयलाई अवसरका रुपमा लिई स्थानीय समुदायलाई विद्यालयका गतिविधिमा जोड्न सकिने देखिन्छ । साथै वडा कार्यालयहरूले वातावरणसम्बन्धी योजना तथा बजेट परिचालन गर्दा विद्यालयसँगको समन्वयमा कार्यान्वयन गर्न गराउन सक्ने अवसर रहेको छ । यस्ता कार्यहरूलाई थप प्रभावकारी बनाउन पालिका तथा वडा स्तरीय संयन्त्र बनाई अनुगमन तथा सहयोग पुऱ्याउन सकिने अवसरहरू रहेको छ ।

४.४.४ रणनीति

क) विद्यालय क्षेत्रलाई प्रदूषणमुक्त क्षेत्र बनाउन स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्ने ।

ख) विद्यालय वरपर वातावरणीय स्वच्छताका निमित्त स्थानीय समुदायको परिचालन तथा निगरानी बढाउने ।

ग) विभिन्न अवसरमा विद्यालय र समुदायबीच वातावरण संरक्षणसम्बन्धी सहक्रियाकलाप आयोजना गर्ने ।

## ४.५ विद्यालयमा अध्ययनरत बालबालिकालाई विपद् व्यवस्थापन, जलवायु परिवर्तन न्यूनीकरण तथा वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील बनाउने ।

४.५.१ वर्तमान अवस्था

भूकम्प, बाढी, पहिरो आदि विपद्का कारण शिक्षा क्षेत्र प्रभावित भइरहेको पाइन्छ । यस्ता विपद्बाट विगतमा विद्यालयका संरचनालगायत सिकाइ निरन्तरतामा गम्भीर असर पुग्न गएको थियो । यद्यपि विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारीसम्बन्धी कागेश्वरी मनोहरा नगरपालिकाका विद्यालयमा खासै अध्ययन अध्यापन हुने गरेको पाइदैन । त्यसैगरी विभिन्न पाठ्यक्रममा वातावरण शिक्षा समावेश भए पनि वातावरणसम्बन्धी प्रयोगात्मक शिक्षाले प्राथमिकता पाएको देखिँदैन ।

केही विद्यालयहरूमा इको क्लबमार्फत वातावरणसम्बन्धी क्रियाकलापहरू भएको देखिन्छ । यद्यपि यसबारे विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई भकम्प, पहिरो बाढी, आगलागी, जलवायु परिवर्तन, वायु प्रदूषण जस्ता विषयमा प्रशिक्षत गर्ने उद्देश्य राखी विद्यालयले आफ्नो कार्ययोजनामा सम्बन्धित विषयलाई समेटेर ठोस क्रियाकलाप गरेको पाईदैन । यसर्थ सुरक्षित विद्यालयको अवधारणालाई प्रवर्द्धन गर्न तथा जोखिम न्यूनीकरण एवम् वातावरण संरक्षणको क्षेत्रमा विद्यार्थीलाई क्रियाशील बनाउन आवश्यक छ ।

४.५.२ समस्या तथा चुनौतीहरू

सहरीकरणसँगै नगरपालिकामा पेट्रोल तथा डिजेलबाट चल्ने सवारी साधनको चाप बढ्दै गएको अवस्था छ भने भविष्यमा अझै तीव्र गतिमा बढ्दै जाने देखिन्छ । यसले गर्दा नगरपालिकामा सवारी साधनको कारणले हुने प्रदूषणको मात्रा पनि बढ्दै जाने देखिन्छ । बाटो नजिक भएका विद्यालयमा धुलो, धुवाँ र ध्वनि प्रदूषण हुने गरेको छ ।

यसका साथै सडक निर्माण कार्य निर्धारित समयमा सम्पन्न नहुने, केही सडकहरू कालोपत्र हुन बाँकी रहेको र सडक निर्माणका क्रममा फुटपाथको व्यवस्था नगरिँदा तथा सडक किनारमा हरियाली नहुँदा धुलोको समस्या पनि अत्याधिकरूपमा बढेको देख्न सकिन्छ। विविध समस्या तथा चुनौतीहरूका बाबजुद स्थानीयस्तरमा प्रदूषण न्यूनीकरणका लागि आवश्यक पहल कदमीहरू प्राथमिकताका साथ अवलम्बन गरिएको देखिँदैन ।

नगरपालिकाको सम्पूर्ण घरधुरी समेटिने गरी फोहोरमैला वर्गीकरण तथा संकलन हुन नसक्दा फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसकिएको अवस्था रहेको छ । फोहोर संकलन प्रभावकारी नहुँदा सार्वजनिक स्थानहरूमा फोहोर थुपार्ने र फोहोर जलाउने प्रवृत्तिमा कमी ल्याउन सकिएको छैन । खुलारूपमा फोहोर जलाउनाले वायु प्रदूषण दिनानुदिन बढी रहेको अवस्था छ । फोहोरमैला व्यवस्थापनका लागि समन्वय गरिएका निजी क्षेत्र, स्थानीय समुदाय तथा नगरपालिकाले संयुक्तरूपमा नियमित छलफल गरी यस कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यक देखिन्छ ।

त्यसैगरी प्रदूषण न्यूनीकरणका लागि विद्यमान उद्योगहरूमा वातावरणमैत्री प्रविधिहरूको प्रयोग व्यापकरूपमा गर्न सकिएको देखिँदैन । अव्यवस्थित पूर्वाधारलाई वातावरणमैत्री बनाउन धेरै ठूलो लगानी लाग्ने हुनाले पनि उद्योग व्यवसायहरू निरुत्साहित देखिन्छन् । कागेश्वरी मनोहरा नगरपालिका र यसका सिमाना जोडिएका अन्य वन क्षेत्रहरू वन डढेलोको जोखिममा रहेको छ । वन डढेलोले काठमाडौं उपत्यकामा वर्षेनी प्रदूषण बढाइरहेको छ । विशेष गरी फागुनदेखि जेष्ठ महिनासम्म वन डढेलोको कारण हुने वायुप्रदूषणबाट बालबालिकामा समेत असर पुग्न गएको छ ।

### ४.५.३ सम्भावना तथा अवसरहरू

विभिन्न स्थानीय समूह तथा बालबालिकाहरूको समूहमार्फत खुलारूपमा फोहोर जलाउने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रभावकारी अभियान सञ्चालन गरी सामाजिक बानी व्यवहारमा परिवर्तन ल्याउन सकिने सम्भावना रहेको देखिन्छ । साथै, विभिन्न निकाय तथा संघसंस्था सँगको सहकार्यमा विद्यालय क्षेत्रलाई धुवाँ तथा धुलो मुक्त क्षेत्रको रुपमा विकास गर्दैजान सकिने देखिन्छ ।

### ४.५.४ रणनीति

क) विद्यालयमा अध्ययनरत बालबालिकालाई विपद् व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरण संरक्षणको क्षेत्रमा प्रशिक्षित गर्नका निमित्त देहायका क्षेत्रमा कार्य गर्ने :

- १) भूकम्प
- २) पहिरो
- ३) बाढी
- ४) आगलागी
- ५) महामारी
- ६) वायु प्रदूषण
- ७) जलवायु परिवर्तन तथा यसका असरहरू

ख) विपद् व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरण संरक्षणको क्षेत्रमा विद्यार्थीहरुलाई सचेतना तथा पूर्वतयारीसम्बन्धी आवश्यक अभ्यास गराउने ।

ग) विद्यालयलाई भूकम्प, बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का सम्भावित असरहरुबाट सुरक्षित बनाउने ।

घ) विद्यालय क्षेत्र धुवाँ तथा धुलोरहित क्षेत्र रहेको सुनिश्चित गर्ने ।

परिच्छेद - ५

# हरित तथा स्वच्छ विद्यालयसम्बन्धी कार्ययोजन

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक |
|---|---|---|---|
| | **हरित विद्यालय कार्यक्रम कार्यान्वयन गर्ने ।** | | |
| १. | विद्यालयलाई हरित तथा स्वच्छ विद्यालयको नमूना बनाउने । | प्रत्येक वर्ष | ▪ वर्षको कम्तीमा एक विद्यालयले हरित विद्यालय सम्पूर्ण सूचकहरू पूरा गरे नगरेको । |
| २. | विद्यालय हाताभित्र तथा वरिपरिको खाली जग्गामा हरियाली प्रवर्द्धन गर्ने । | नियमित | देहाय मध्य शिक्षक र विद्यार्थीहरूको संलग्नता कम्तीमा कुनै दुई क्रियाकलाप भए नभएको ।<br>▪ नर्सरी स्थापना तथा व्यवस्थापन<br>▪ हरित घेरावार<br>▪ हरित सडक<br>▪ फलफूल बगैंचा<br>▪ करेसावारी<br>▪ पुष्प तथा जडिबुटी बगैंचा<br>▪ पर्याप्त जग्गा नभएको विद्यालयमा कौशी बगै वरण्डामा गमला व्यवस्थापन तथा इनडोर विर व्यवस्थापन (अफिस तथा कक्षा कोठामा) |

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| ३. | फोहोरको वर्गीकरण गर्ने । | नियमित | ▪ डस्टविनको व्यवस्था भए नभएको ।<br>▪ फोहोरको वर्गीकरण भए नभएको ।<br>▪ विद्यालयमा भएका घाँसपात तथा हरिया विरुवाजन्य उत्पादनलाई पशुपालक समुदायलाई लान प्रोत्साहन गरे नगरेको, कुनै फोहोर व्यवस्थापन गर्ने संघसंस्थालाई लैजान प्रोत्साहन गरे नगरेको ।<br>▪ समुदायले फोहोर वर्गीकरण गरे नगरेको बारे विद्यार्थीमार्फत अनुगमन गरे नगरेको । | विद्यालय/इको क्लब | वडा कार्यालय, नगरपालिका |
| ४. | फोहोरको उचित व्यवस्थापनसम्बन्धी अभ्यास गर्ने । | नियमित | देहायमध्ये शिक्षक र विद्यार्थीहरूको सहभागितामा कम्तीमा कुनै दुई क्रियाकलाप भए नभएको<br>▪ कुहिने फोहोरको व्यवस्थापन (कम्पोष्टिङ)<br>▪ नकुहिने फोहोरको व्यवस्थापन (घटाउने, विक्री गर्ने, पुनः प्रयोग, पुनः चक्रण)<br>▪ तरल फोहोरको व्यवस्थापन<br>▪ विद्युतीय फोहोर व्यवस्थापन<br>▪ घर/समुदायमा फोहोर वर्गीकरणको अभ्यास गरे नगरेको प्रतिवेदन विद्यार्थीले विद्यालयमा बुझाए नबुझाएको । | विद्यालय/इको क्लब | नगरपालिका/ वडा कार्यालय |

| क.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| ५. | विद्यालयमा पानी तथा सरसफाईको विस्तृत लेखाजोखा गरी व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्ने । | वार्षिक रुपमा | ▪ विद्यालयमा पानी र सरसफाईको लेखाजोखा प्रतिवेदन तयार गरे नगरेको ।<br>▪ विद्यालयमा पानी र सरसफाईको लेखाजोखा प्रतिवेदनअनुसार व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरे नगरेको ।<br>▪ पानीको उचित व्यवस्थापनका लागि शिक्षक/शिक्षिका, विद्यार्थी तथा कर्मचारीलाई अभिमुखीकरण गरे नगरेको ।<br>▪ विद्यालयको पिउने पानीको महिनामा एकपटक स्वस्थ्यकर जाँच गरे नगरेको । | विद्यालय/सम्पर्क शिक्षक/इको क्लब | नगरपालिका/ वडा कार्यालय |
| ६. | विद्यालयमा पानी व्यवस्थापनका उपायहरू कार्यान्वयन गर्ने । | नियमित | देहायमध्ये शिक्षक र विद्यार्थीहरूको सहभागितामा कम्तीमा कुनै एक क्रियाकलाप भए नभएको<br>▪ मूख्य स्रोत वा आकाशे पानी सङ्कलन अभ्यास भए नभएको ।<br>▪ भूमिगत जलभणरको रिचार्ज गर्ने व्यवस्था भए नभएको ।<br>▪ विद्यालयमा निश्चित समय छुट्टयाई विद्यार्थीलाई पानी पिउने व्यवस्था गरे नगरेको । | विद्यालय | नगरपालिका/ वडा कार्यालय |

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| | | | ▪ पानी पिउनका लागि विद्यार्थीलाई प्लाष्टिक बाहेकका गिलास/बोटल/भाँडोको व्यवस्था गरे नगरेको । | | |
| ७. | विद्यालयमा सरसफाईसम्बन्धी क्रियाकलापहरूको अभ्यास गर्ने ।<br>(Three Star Approach) | नियमित | ▪ विद्यार्थीहरूमा आधारभूत सरसफाईसम्बन्धी बानीको विकास भए नभएको (जस्तै : हात धुने बानीको विकास, दिसापिसाब शौचालयमा मात्र गर्ने बानी, कपाल, नङ समय समयमा काट्न, लुगा धोएर सफा पारी लगाउने, पानी उमालेर वा शुद्ध पारेर मात्र पिउने)<br>▪ पिउने पानीको शुद्धीकरणका उपायहरू अपनाएको नअपनाएको ।<br>▪ महिला/पुरुष एवम् अपांगमैत्री अलग शौचालयको व्यवस्था भए नभएको ।<br>▪ साना उमेर समूहका विद्यार्थीहरूका लागि बालमैत्री/पहुँचयोग्य शौचालय भए नभएको ।<br>▪ स्यानिटरी प्याड व्यवस्थापन गर्ने सुविधाहरू भए नभएको ।<br>▪ फोहोर नमिसिने गरी पानीका स्रोतहरूको व्यवस्थापन भए नभएको । | विद्यालय | नगरपालिका/ वडा कार्यालय |

| क.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
| --- | --- | --- | --- | --- | --- |
| | | | ▪ सरुवा रोगहरूबारे विद्यार्थीहरूलाई जानकारी भए नभएको ।<br>▪ सरुवा रोगहरूलाई कम गर्नको लागि सुरक्षात्मक तरिकाहरू अवलम्बन गरे नगरेको । | | |
| ८. | विद्यालयको उर्जा व्यवस्थापन योजना तयार पारी कार्यान्वयन गर्ने । | नियमित | देहायमध्ये विद्यार्थीहरूको सहभागितामा कम्तीमा कुनै तीन क्रियाकलाप भए नभएको<br>▪ उर्जाको लेखा-जोखा गरी मासिक उर्जा खपतको ग्राफ तयार भए नभएको ।<br>▪ उर्जा व्यवस्थापन प्रतिवेदन तयार भए नभएको ।<br>▪ उर्जामैत्री सचेतना कार्यक्रम भए नभएको ।<br>▪ उर्जा बचत विधिहरू अवलम्बन गरे नगरेको ।<br>▪ नवीकरणीय उर्जाको प्रयोग गरे नगरेको (जस्तै : सोलार प्यानल, जैविक इन्धन, पानीघट्ट, उर्जामैत्री सवारी साधनको प्रयोग आदि) | विद्यालय/फोकल शिक्षक | नगरपालिका/ वडा कार्यालय/ संघसंस्था/ निजी क्षेत्र |
| ९. | विद्यालयमा सिकाइ केन्द्रको निर्माण गर्ने । | नियमित | ▪ इको पुस्तकालय/सिकाइ केन्द्र भए नभएको ।<br>▪ सिकाई प्रक्रियामा इको पुस्तकालय/सिकाइ केन्द्रको प्रयोग भए नभएको ।<br>▪ स्थानीय कला संस्कृति प्रवर्द्धन गर्न तथा काम नलाग्ने वस्तुबाट विभिन्न सामग्रीहरू तयार गर्न आर्ट वर्कशप स्थापना भए नभएको । | विद्यालय/सम्पर्क शिक्षक | नगरपालिका/ वडा कार्यालय/ संघसंस्था/ निजी क्षेत्र |

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| | | | ■ इ-लाइब्रेरी भए नभएको । | | |
| १०. | हरित विद्यालय सञ्जाल निर्माण गरी सिकाइ आदानप्रदान गर्ने । | नियमित | ■ सञ्जाल निर्माण भए नभएको ।<br>■ सञ्जालको सामुहिक गतिविधि वा सिकाइ आदानप्रदान भए नभएको ।<br>■ हरित विद्यालय सञ्जालमा विद्यालयको आवद्धता रहे नरहेको ।<br>■ वर्षको कम्तीमा २ पटक सञ्जालका गतिविधि वा सिकाइ आदानप्रदानमा सहभागी भए नभएको । | नगरपालिका<br><br>विद्यालय/सम्पर्क शिक्षक | विद्यालय/संघसंस्था |
| ११. | वनस्पति र जीवजन्तुका नमुना सङ्कलन गरी विद्यालयमा जैविक अध्ययन कर्नर स्थापना गर्ने । | | ■ विद्यार्थीहरूको सहभागितामा वनस्पति र जीवजन्तुका नमुनाहरू सङ्कलन गरी विद्यालयमा जैविक अध्ययन कर्नर वा मिनी इको संग्रहालय स्थापना गरे नगरेको ।<br>■ जैविक वस्तुहरूको पहिचान, नामाकरण र वर्गीकरण सिकाइमा जैविक अध्ययन कर्नरको उपयोग गरे नगरेको ।<br>■ जैविक अध्ययन कर्नरको नियमित हेरचाह र संरक्षण गरे नगरेको । | विद्यालय/सम्पर्क शिक्षक | |

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| १२. | वातावरणीय सचेतना अभिवृद्धिका लागि विद्यार्थीको अध्ययन भ्रमण गराउने । | वार्षिक रुपमा | ▪ नजिकको राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र/ साँस्कृतिक क्षेत्रमा/उद्यान क्षेत्र/पार्क आदि कुनै पनि क्षेत्रमा विद्यार्थीको अध्ययन भ्रमण भए नभएको ।<br>▪ विद्याथीलाई अध्ययन भ्रमण प्रतिवेदन वा कुनै वनस्पति वा जनावरको प्रोफाइल तयार गर्न लगाइ सोको प्रस्तुति गर्न लगाए नलगाएको ।<br>▪ विद्यालयमा हर्बेरियम निर्माण भए नभएको । | विद्यालय/सम्पर्क शिक्षक | नगरपालिका/ वडा कार्यालय/ संघसंस्था |
| १३. | विद्यार्थीलाई जनावर तथा पशुपंक्षीहरुबारे खोजगर्न लगाई सो सम्बन्धी प्रोफाईल तयार गर्न लगाउने । | वार्षिक रुपमा | ▪ जनावर तथा पशुपंक्षीबारे खोज गरी विद्यार्थीले सो सम्बन्धी प्रोफाईल तयार गरे नगरेको । | विद्यालय/सम्पर्क शिक्षक | |
| १४. | विद्यालयमा कृतिम जलाशय (reservoir) निर्माण गरी विद्यार्थीको सिकाइमा प्रयोग गर्ने । | | ▪ विद्यालयमा कृतिम जलाशय (reservoir) निर्माण भए नभएको ।<br>▪ कृतिम जलाशयलाई शिक्षण सामग्रीको रुपमा प्रयोग गरे नगरेको ।<br>▪ कृतिम जलाशयको संरक्षण र हेरचाह भए नभएको । | विद्यालय/सम्पर्क शिक्षक | |
| १५. | पोखरी निर्माण गरी स्थानीय क्षेत्रमा पाइने जलचर, माछा, भ्यागुता र पानीमा हुने | | ▪ विद्यालयमा पोखरी निर्माण भए नभएको ।<br>▪ विद्यालयमा निर्माण गरिएको पोखरीलाई सिकाइमा प्रयोग गरे नगरेको । | विद्यालय/सम्पर्क शिक्षक | |

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| | वनस्पतिहरूको बारेमा विद्यार्थीलाई प्रत्यक्ष अध्ययन अनुसन्धान गराउने । | | ▪ विद्यालयमा निर्माण गरिएको पोखरीको संरक्षण र हेरचाह भए नभएको । | | |
| १६. | विद्यालयमा इको क्लब गठन तथा परिचालन गर्ने ।<br>(यससम्बन्धी मार्गदर्शन अनुसूची १ मा राखिएको छ) | प्रत्येक वर्ष | ▪ इको क्लब गठन भए नभएको ।<br>▪ इको फोकल शिक्षकको व्यवस्था भए नभएको ।<br>▪ इको क्लबले कार्ययोजना बनाइ प्रत्येक महिना वातावरण सम्बन्धी क्रियाकलाप गरे नगरेको । | विद्यालय/सम्पर्क शिक्षक | संघसंस्था |
| १७. | इको क्लब मार्फत स्थानीय समुदायमा विपद् जोखिम, जलवायु परिवर्तन, कृषि, तथा वातावरण संरक्षण लगायतका विषयमा अध्ययन, सर्वेक्षण, अनुगमन, तथ्यांक संकलन आदि गर्न लगाइ प्रतिवेदन तयार गर्न लगाउने । | प्रत्येक वर्ष | ▪ समुदायमा गइ तथ्यांक संकलन, विश्लेषण तथा प्रतिवेदन तयारी जस्ता विषयमा विद्यार्थी संलग्न भए नभएको । | विद्यालय/सम्पर्क शिक्षक | |
| १८. | अध्ययनबाट प्राप्त निचोडको आधारमा इको क्लबले क्रियाकलाप सञ्चालन गर्ने । | नियमित | ▪ अध्ययनको निश्कर्षका आधारमा इको क्लबले विभिन्न क्रियाकलापहरू सञ्चालन गरे नगरेको । | इको क्लब | |
| १९. | हरित तथा स्वच्छ विद्यालय अवार्ड प्रदान गर्ने । | प्रत्येक वर्ष | ▪ हरित तथा स्वच्छ विद्यालय सम्बन्धी सूचकहरूको अनुगमन भए नभएको ।<br>▪ हरित तथा स्वच्छ विद्यालय अवार्ड प्रदान गरे नगरेको । | नगरपालिका | वडा कार्यालय/ विद्यालय/संघसंस्था |
| | **हरित तथा स्वच्छ विद्यालयसम्बन्धी सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने ।** | | | | |

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| २०. | हरित तथा स्वच्छ विद्यालय कार्यक्रम सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम गर्ने । | प्रत्येक वर्ष | ▪ कम्तीमा ५० जना शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले तालिम प्राप्त गरेको । | नगरपालिका, विद्यालय | संघसंस्था |
| २१. | विद्यार्थीलाई आधारभूत सरसफाइ सम्बन्धी प्रशिक्षण प्रदान गर्ने । | वर्षमा दुई पटक | ▪ विद्यार्थीलाई आधारभूत सरसफाइ सम्बन्धी प्रशिक्षण प्रदान गरे नगरेको । | शिक्षक | नगरपालिका/ वडा कार्यालय/ संघसंस्था |
| २२. | विद्यालयस्तरमा वायु प्रदूषण तथा स्वच्छ हावासम्बन्धी इको क्लब, शिक्षक, अभिभावकबीच अभिमुखीकरण गर्ने । | प्रत्येक वर्ष | ▪ विद्यालयस्तरमा स्वच्छ हावा सम्बन्धी इको क्लब, शिक्षक, अभिभावकबीच अभिमुखीकरण भए नभएको । | प्रधानाध्यापक/ विद्यालय व्यवस्थापन समिति अध्यक्ष | संघसंस्था |
| २३. | विद्यालयमा इको क्लबका पदाधिकारीको नेतृत्व क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने । | प्रत्येक वर्ष | ▪ इको क्लबका पदाधिकारीले नेतृत्व सीप हासिल गर्न तालिम प्राप्त गरे नगरेको । | प्रधानाध्यापक/ विद्यालय | संघसंस्था |
| २४. | इको क्लब, शिक्षक, विद्यालय व्यवस्थापन समिति, तथा अभिभावकलाई वातावरण प्रदूषण तथा जलवायु परिवर्तन शिक्षासम्बन्धी अभिमुखीकरण तथा प्रशिक्षण प्रदान गर्ने । | प्रत्येक वर्ष | ▪ इको क्लब, शिक्षक, विद्यालय व्यवस्थापन समिति, तथा अभिभावकलाई वातावरण प्रदूषण तथा जलवायु परिवर्तन शिक्षासम्बन्धी अभिमुखीकरण/ प्रशिक्षण सञ्चालन भए नभएको । | प्रधानाध्यापक/ विद्यालय व्यवस्थापन समिति अध्यक्ष | नगरपालिका/ वडा कार्यालय/ संघसंस्था |
| २५. | विद्यालय शिक्षामार्फत विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम/तालिम सञ्चालन गर्ने । | प्रत्येक वर्ष | ▪ विद्यालयमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम/तालिम सञ्चालन भए नभएको । | विद्यालय/सम्पर्क शिक्षक | नगरपालिका/ वडा कार्यालय/ संघसंस्था |

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| | | | ▪ विपद्का कारण हुन सक्ने आपत्कालीन स्वास्थ्य सेवा प्रवाह तथा निरन्तर शिक्षाका लागि तालिम प्रदान गरे नगरेको । | | |
| २६. | वायु प्रदूषणको स्थितिबारे सचेतीकरण गर्न विद्यालय झण्डा (School Flag) अवधारणासम्बन्धी तालिम प्रदान गर्ने । | प्रत्येक वर्ष | ▪ विद्यालयका प्रधानाध्यापक तथा सम्पर्क शिक्षकले विद्यालय झण्डासम्बन्धी तालिम प्राप्त गरे नगरेको । | नगरपालिका | संघसंस्था |
| २७. | विद्यालय नर्स वा फोकल शिक्षकलाई प्रदूषणका कारण हुन सक्ने आपत्कालीन स्वास्थ्य सेवा प्रवाहका लागि तालिम दिने । | प्रत्येक वर्ष | ▪ विद्यालय नर्स वा फोकल शिक्षकले प्रदूषणका कारण हुन सक्ने आपत्कालीन स्वास्थ्य सेवा प्रवाहका लागि तालिम प्राप्त गरे नगरेको । | नगरपालिका | संघसंस्था |
| २८. | शिक्षकमार्फत विद्यार्थीलाई सामान्य कृषि कार्यलगायत कुकिङ/ उद्यमशीलता जस्ता प्रयोगात्मक विषयमा प्रशिक्षित गराउने । | नियमित | ▪ विद्यार्थीलाई सामान्य कृषि कार्यलगायत कुकिङ, उद्यमशीलता जस्ता प्रयोगात्मक विषयमा संलग्न गराए नगराएको । | विद्यालय | नगरपालिका/ वडा कार्यालय |
| | **विद्यालय शिक्षामार्फत वायु प्रदूषण न्यूनीकरण र वातावरण प्रति विद्यार्थीको संवेदनशीलता प्रवर्धन गर्ने ।** | | | | |
| २९. | वायुको गुणस्तर, वायु प्रदूषणका स्रोत तथा असरहरू एवम् व्यवस्थापन सम्बन्धी सिकाई | प्रत्येक वर्ष | ▪ वायुको गुणस्तर, वायु प्रदूषणका स्रोत तथा असरहरू एवम् वायु गुणस्तर व्यवस्थापन सम्बन्धी | सम्पर्क शिक्षक | संघसंस्था |

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| | प्रवर्धन गर्न विद्यार्थीलाई अभिमूखीकरण गरेर निश्चित अध्ययन क्षेत्र तोकी समुदायमा अध्ययन गर्न लगाउने । | | समुदाय स्तरमा गइ विद्यार्थीहरूले अध्ययन/सर्भे गरे नगरेको । | | |
| ३०. | विद्यालय सुधार योजना र वार्षिक क्यालेन्डरमा वायु प्रदूषण न्यूनीकरण एवम् वातावरण संरक्षणसम्बन्धी गतिविधि समावेश गर्न कार्यशाला सञ्चालन गर्ने । | प्रत्येक वर्षको जेठ महिना भित्र | ▪ विद्यालय सुधार योजना र वार्षिक क्यालेन्डरमा वायु प्रदूषण न्यूनीकरण एवम् वातावरण संरक्षणसम्बन्धी अतिरिक्त क्रियाकलाप समावेश भए नभएको ।<br>▪ विद्यालय सुधार योजना र वार्षिक क्यालेन्डरमा समावेश वायु प्रदूषण न्यूनीकरण एवम् वातावरण संरक्षणसम्बन्धी गतिविधि कार्यान्वयन भए नभएको | प्रधानाध्यापक/ विद्यालय व्यवस्थापन समिति अध्यक्ष | संघसंस्था |
| ३१. | वायु प्रदूषण, जलवायु परिवर्तन तथा विपद्जस्ता वातावरण सम्बन्धी विषयलाई स्थानीय पाठ्यक्रममा समावेश गर्न स्थानीय पाठ्यक्रमको पुनरावलोकन गर्ने । | ३ वर्षभित्र | ▪ वायु प्रदूषण, जलवायु परिवर्तन तथा विपद्जस्ता वातावरणसम्बन्धी विषयलाई स्थानीय पाठ्यक्रममा समावेश गरे नगरेको । | नगरपालिका/ शिक्षा शाखा | संघसंस्था |
| ३२. | वायु प्रदूषण, जलवायु परिवर्तन तथा विपद्जस्ता वातावरण सम्बन्धी विषयलाई शिक्षण सिकाइमा समावेश गर्न शिक्षक निर्देशिका वा सिकाई सामग्री निर्माण गरी लागू गर्ने । | ३ वर्षभित्र | ▪ वायु प्रदूषण, जलवायु परिवर्तन तथा विपद्जस्ता वातावरण सम्बन्धी विषयलाई शिक्षण सिकाइमा समावेश गर्न शिक्षक निर्देशिका वा सिकाई सामग्री निर्माण भए नभएको । | नगरपालिका/ शिक्षा शाखा | संघसंस्था |

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| ३३. | वायु प्रदूषणको स्थितिबारे अनलाइन एप्लीकेशनमार्फत जानकारी लिई विद्यालयमा वायु गुणस्तर सूचकाङ्क अनुसार हरियो/पहेंलो/रातो रङ्गको झण्डा लगाउने । | विद्यालय खुलेको दिन | ▪ अनुगमनका क्रममा संवाद गरिएका बालबालिकाको कूल संख्या मध्ये ७० प्रतिशतले झण्डा परिवर्तन गर्ने गरिएको बताए नबताएको । | विद्यालयले तोकेको सम्पर्क शिक्षक | संघसंस्था |
| ३४. | वायु गुणस्तर सूचकांकलाई सबैले देख्ने गरी विद्यालय परिसरभित्र राख्ने । | विद्यालय खुलेको दिन | ▪ वायु गुणस्तर सूचकांकलाई सबैले देख्ने गरी विद्यालय परिसरभित्र राखेको देखिए नदेखिएको । | प्रधानाध्यापक | संघसंस्था |
| ३५. | कक्षा कोठा तथा विद्यालय परिसरलाई धुलोमुक्त बनाई सिकाईको वातावरण बनाउने । | प्रत्येक दिन विद्यालय खुल्नु अघि | ▪ अनुगमनका क्रममा संवाद गरिएका बालबालिकाको कूल संख्या मध्ये ५० प्रतिशतले विद्यालय परिसरभित्र रहेका खेलमैदान तथा वरपर सडकमा पानी छर्कने गरिएको बताए नबताएको ।<br>▪ अनुगमनका क्रममा संवाद गरिएका बालबालिकाको कूल संख्या मध्ये ५० प्रतिशतले कक्षाकोठा तथा विद्यालय भवन सफा गर्दा धुलो नउड्ने गरी सफा गर्ने गरिएको बताए नबताएको ।<br>▪ कक्षा कोठा धुलोमुक्त बनाउन विद्यार्थीको प्रत्यक्ष सहभागिता भए नभएको । | विद्यालय | वडा कार्यालय |
| ३६. | विद्यार्थीद्वारा वायु प्रदूषणबारे समुदायलाई जनचेतना अभिवृद्धि कार्य सञ्चालन गर्ने । | | ▪ विद्यार्थीद्वारा वायु प्रदूषणबारे समुदायलाई जनचेतना अभिवृद्धि कार्य सञ्चालन भए नभएको । | विद्यालय | वडा कार्यालय |

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| | **विद्यालयमा हुने वातावरणीय गतिविधिमा सामुदायिक सहभागिता अभिवृद्धि गर्दै हरित समुदाय प्रवर्द्धन गर्ने ।** | | | | |
| ३७. | विद्यालय क्षेत्र वरिपरि (कम्तीमा ५०० मिटर भित्र) धुवाँ र धुलोरहित क्षेत्र रहेको बुझिने गरी साइनबोर्ड राख्ने । | पहिलो वर्ष | ▪ विद्यालय क्षेत्र वरपर (कम्तीमा ५०० मिटर भित्र) धुवाँ र धुलोरहित क्षेत्र रहेको बुझिने गरी साइनबोर्ड राखेको देखिए नदेखिएको । | विद्यालय र समुदाय | नगरपालिका/ वडा कार्यालय/ संघसंस्था/निजी क्षेत्र |
| ३८. | विद्यालय क्षेत्र वरपर देहायका गतिविधि निषेध गर्ने र सोको अनुगमन गर्ने :-<br>▪ फोहोर बाल्ने कार्य<br>▪ कृषिजन्य अवशेष बाल्ने कार्य<br>▪ अत्याधिक कृषिजन्य विषादीको प्रयोग<br>▪ बालुवा, सिमेन्ट लगायतका सामग्री थुपार्ने कार्य<br>▪ डिजेल जेनेरेटरको प्रयोग | प्रत्येक तीन महिनामा | ▪ विद्यालय क्षेत्र वरपर निषेधित गतिविधिको अनुगमन गरी सोको प्रतिवेदन तयार गरे नगरेको । | विद्यालय/समुदाय | नगरपालिका/ वडा कार्यालय/ संघसंस्था/ निजी क्षेत्र |
| ३९. | विद्यालय समुदायमा रहेका क्लब, महिला समुह आदिलाई वातावरण संरक्षण एवम् स्वच्छ हावा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गर्ने । | | ▪ विद्यालयका बालबालिका वा इको क्लबले विद्यालय समुदायमा रहेका क्लब, महिला समूह आदिलाई वातावरण संरक्षण एवम् स्वच्छ हावा सम्बन्धी | प्रधानाध्यापक/ विद्यालय व्यवस्थापन समिति | |

| क.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| | | | कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित वा सहजीकरण गरे नगरेको । | अध्यक्ष/सम्पर्क शिक्षक | |
| ४०. | सूचना प्रविधिको माध्यमबाट हरित तथा स्वच्छ विद्यालय अभियानलाई प्रोत्साहित गर्ने । | | ▪ विद्यालयले अडियो, भिडियो वा श्रव्य-दृष्य सामग्री निर्माण गरी वा अन्य माध्यमबाट वातावरण सम्बन्धी सचेतना अभिवृद्धि गरे नगरेको ।<br>▪ सचेतनामूलक सन्देश समावेश गरी हरित तथा स्वच्छ विद्यालयको प्रारुप अन्तर्गत गरिएका क्रियाकलापबारे सामाजिक सञ्जाल वा विद्यालयको वेबसाइटमार्फत सुसूचित गरे नगरेको । | विद्यालय/सम्पर्क शिक्षक | |
| ४१. | सरकारी, गैरसरकारी वा निजीक्षेत्रसँगको सहकार्यमा विभिन्न अवसरमा विद्यालय र समुदायबीच वातावरण संरक्षणसम्बन्धी विभिन्न क्रियाकलाप (जस्तै र्‍याली, वृक्षारोपण, सामुदायिक सरसफाई, फोहोरमैला व्यवस्थापन, विद्यालयको सौन्दर्यीकरण आदि) सञ्चालन र सहजीकरण गर्ने । | वार्षिक रुपमा | देहायमध्ये कुनै दुई विशेष अवसरमा वातावरण सम्बन्धी क्रियाकलाप भए नभएको :-<br>▪ विश्व वातावरण दिवस<br>▪ अन्तर्राष्ट्रिय स्वच्छ हावा दिवस<br>▪ अन्तर्राष्ट्रिय पृथ्वी दिवस<br>▪ अन्तर्राष्ट्रिय जैविक विविधता दिवस<br>▪ विश्व सरसफाइ दिवस | प्रधानाध्यापक/ विद्यालय व्यवस्थापन समिति अध्यक्ष/सम्पर्क शिक्षक | नगरपालिका/ वडा कार्यालय/ संघसंस्था/ निजी क्षेत्र |

| क.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| | | | ▪ अन्तर्राष्ट्रिय स्वच्छ उर्जा दिवस | | |
| ४२. | वायु प्रदूषणबाट विद्यालयको वातावरणमा नकारात्मक असर पुगेको पाइएमा त्यस्ता कार्य गर्ने गराउनेलाई दण्ड सजायको व्यवस्था गर्ने । | | | नगरपालिका | वडा कार्यालय/ संघसंस्था |
| | विद्यालयमा अध्ययनरत बालबालिकालाई विपद् व्यवस्थापन, जलवायु परिवर्तन न्यूनीकरण तथा वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील बनाउने । | | | | |
| ४३. | भूकम्पजन्य विपदसम्बन्धी सचेतना तथा पूर्वतयारी बारे कार्यक्रम सञ्चालन गर्ने । | प्रत्येक वर्ष भाद्र महिनामा | ▪ शिक्षक र विद्यार्थीहरूको सहभागितामा भूकम्पीय जोखिमको नक्सांङ्कन तथा विद्यालय संरचना सम्बन्धी लेखाजोखा भए नभएको<br>▪ विद्यालयमा आपत्कालीन मार्ग (Emergency Exit) भए नभएको ।<br>▪ पूर्वतयारीसम्बन्धी अभ्यास भए नभएको । | विद्यालय | संघसंस्था |
| ४४. | बाढी/पहिरोजन्य विपद्सम्बन्धी सचेतना तथा रोकथामबारे कार्यक्रम सञ्चालन गर्ने । | प्रत्येक वर्ष जेष्ठ महिनामा | ▪ बाढी/पहिरोजन्य विपद संवेदनशील क्षेत्रको पहिचान तथा जोखिमको नक्सांङ्कन भए नभएको । | विद्यालय | संघसंस्था |

| क.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| | | | ▪ संवेदनशील क्षेत्रको पहिचान र नक्साङ्कन भइसकेका क्षेत्रहरूमा बुझिने भाषामा सूचना, संकेत, चिन्ह राखेको वा नराखेको । | | |
| ४५. | आगलागीजन्य विपदसम्बन्धी सचेतना तथा न्यूनीकरणबारे कार्यक्रम सञ्चालन गर्ने । | प्रत्येक वर्ष चैत्र महिनामा | ▪ नजिककमा बस्ती वा वनमा आगलागी/ डढेलोको जोखिम आकलनका लागि विद्यार्थीको सहभागितामा अध्ययन वा सर्भे भए नभएको ।<br>▪ विद्यालयमा आगलागीजन्य विपद् न्यूनीकरण गर्न अग्नि नियन्त्रक (Fire Extinguisher) र सूचना प्रणाली (Fire Alarm) को व्यवस्था भए नभएको ।<br>▪ विद्यालयसम्म दमकल पुग्नसक्ने किसिमको बाटो भए नभएको ।<br>▪ विद्यालय र समुदायको सहभागितामा आगलागी तथा वन डढेलो सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन भए नभएको । | विद्यालय | संघसंस्था |
| ४६. | जलवायु परिवर्तन र यसका असरसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | प्रत्येक वर्ष | ▪ जलवायु उत्थानशील विद्यालय (Climate Resilient School) सम्बन्धी वार्षिक रुपमा कम्तीमा ३ वटा कार्यक्रम सञ्चालन भए नभएको । | विद्यालय | नगरपालिका/ वडा कार्यालय/ संघसंस्था/ निजी क्षेत्र |

| क्र.सं | कार्यक्रम | समयवधि | सूचक | जिम्मेवार निकाय | सहकार्य |
|---|---|---|---|---|---|
| | | | ▪ जलवायु परिवर्तनसम्बन्धी तथ्य तथ्याङ्कहरू विद्यार्थी तथ समुदायको पहुँच हुने गरी प्रकाशित गरे नगरेको । | | |

# परिच्छेद - ६

## कार्ययोजना कार्यान्वयन प्रक्रिया तथा संस्थागत संरचनासम्बन्धी व्यवस्था

६.१ कार्ययोजना कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) यस कार्ययोजनालाई नगर कार्यपालिकाले स्वीकृत गरे पश्चात् एक औपचारिक कार्यक्रम गरी कार्ययोजना सार्वजनिकीकरण गरिने छ । आवश्यकतानूसार यस कार्ययोजनालाई नगरपालिकाको वेवसाइटमा राखि सबैको पहुँचमा पुऱ्याइनेछ ।

(ख) यस कार्ययोजना कार्यान्वयन गर्ने गराउने उत्तरदायित्व नगर कार्यपालिकामा रहनेछ ।

(ग) यस कार्ययोजनाको कार्यान्वयनका निमित्त नगर शिक्षा समिति र वडा कार्यालय तथा विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ ।

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा आवश्यकतानूसार सहजीकरण गर्नका लागि नगरपालिका अन्तर्गत तोकिएका कर्मचारी तथा जनप्रतिनिधिहरूको विशेष जिम्मेवारी रहनेछ भने वातावरणको क्षेत्रमा क्रियाशील महिला, बालक्लब, युवा तथा अन्य गैरसरकारी संघसंस्था एवम् नागरिक समाजका व्यक्तिहरू समेतको सहयोग लिई परिचालन गरिनेछ ।

(ङ) यस कार्ययोजनाको कार्यान्वयनका निम्ति वार्षिक योजना तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्याङ्कन र आवश्यक समन्वय नगरपालिकाको शिक्षा शाखाबाट गरिनेछ ।

(च) पहिलो वर्षबाट कार्यक्रमहरू लागू गर्दै दोस्रो र तेस्रो वर्षहरूमा कार्ययोजना पूर्णरूपमा लागू गरिनेछ ।

(छ) यस कार्ययोजनाको कार्यान्वयन पक्षलाई थप प्रभावकारी तथा लक्ष्य केन्द्रित बनाउन वार्षिक समीक्षा गोष्ठीको आयोजना गरिनेछ ।

६.२ यस कार्ययोजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउनका निमित्त देहाय बमोजिमको संस्थागत संरचना रहनेछ :-

६.२.१ नगरस्तरीय कार्यक्रम कार्यान्वयन समिति :

नगरपालिकाका प्रमुखको अध्यक्षतामा स्थानीय तहमा कार्यक्रमको कार्यान्वयन, व्यवस्थापन, सहजीकरण र रेखदेख गर्नको लागि कार्यक्रम सम्बद्ध सरोकारवालाहरूको प्रतिनिधित्व हुने गरी देहायको ९ सदस्यीय स्थानीय नगरस्तरीय कार्यान्वयन समिति रहनेछ ।

(१) नगरप्रमुख, कागेश्वरी मनोहरा नगरपालिका - अध्यक्ष

(२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(३) शिक्षा शाखा प्रमुख - सदस्य

(४) संयोजक-सामाजिक विकास समिति - सदस्य

(५) संयोजक-वातावरण तथा विपद् व्यवस्थापन समिति - सदस्य

(६) नगरप्रमुखले तोकेको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष १ जना - सदस्य

(७) नगर प्रमुखले तोकेको विद्यालयको प्र.अ. १ जना - सदस्य

(८) नगर प्रमुखले तोकेको वातावरण शिक्षासँग सम्बन्धित संघसंस्थाको प्रतिनिधि १ जना - सदस्य

(९) शिक्षा अधिकृत - सदस्य सचिव

६.२.२ विद्यालय स्तरीय कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति :

प्रत्येक विद्यालयमा व्यवस्थापन समितिका अध्यक्षको अध्यक्षतामा देहायबमोजिमको एक हरित तथा स्वच्छ विद्यालय कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ ।

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष - अध्यक्ष

ख) सम्बन्धित वडाले तोकि पठाएको प्रतिनिधि १ जना - सदस्य

ग) विद्यालयका प्रधानाध्यापक - सदस्य

घ) शिक्षक अभिभावक संघको अध्यक्ष - सदस्य

ङ) गैरसरकारी संस्था वा स्थानीय शिक्षाप्रेमीहरू मध्येबाट अध्यक्षले मनोनित गरेका १ जना - सदस्य

च) वन उपभोक्ता समितिका अध्यक्ष वा अभिभावकहरू मध्येबाट समितिले मनोनित गरेको कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

छ) विद्यालयका इको क्लबका अध्यक्ष - सदस्य

ज) सम्पर्क शिक्षक - सदस्य-सचिव

६.२.३ इको क्लब सम्बन्धी व्यवस्था :

क) हरित तथा स्वच्छ विद्यालय कार्यक्रमलाई प्रभावकारी रुपमा सहिभागितामुलक तरिकाबाट सञ्चालन गर्न, विद्यार्थी तथा अभिभावकहरूबीच सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न र विद्यार्थीबाट कार्यक्रम सञ्चालनमा सक्रिय भूमिका निर्वाह गर्न गराउनका लागि प्रत्येक विद्यालयमा इको क्लब रहनेछ ।

ख) इको क्लबको प्रमुख संरक्षक विद्यालयका प्रधानाध्यापक र सम्पर्क शिक्षक (Focal Teacher) संरक्षक रहने छन् ।

ग) इको क्लब गठन तथा सञ्चालन सम्बन्धी मार्गदर्शन यस कार्ययोजनाको अनुसूचि १ बमोजिम हुनेछ ।

६.३ यस कार्ययोजनाको कार्यान्वयनका लागि गठित विभिन्न समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६.४ विभिन्न तहमा मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

# परिच्छेद - ७

## मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन

७.१ मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापनका लागि देहायको रणनीति अवलम्बन गरिनेछ :-

(क) कार्यक्रम कार्यान्वयनका क्रममा आवश्यकतानूसार सहजीकरण गर्नका लागि नगरपालिका अन्तर्गत रहेका सम्बन्धित शाखाका कर्मचारी तथा तोकिएका जनप्रतिनिधिहरूको विशेष जिम्मेवारी रहनेछ भने वातावरणको क्षेत्रमा क्रियाशील महिला, बालक्लब, युवा तथा अन्य गैरसरकारी संघसंस्था एवम् नागरिक समाजका व्यक्तिहरू समेतको सहयोग लिई परिचालन गरिनेछ ।

(ख) यस कार्ययोजनासँग सम्बन्धित गतिविधि नगरपालिकाको वार्षिक योजनामा समावेश गरिने छ र यसका निमित्त आवश्यक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन नगरपालिकाबाट गरिनेछ ।

(ग) आधारभूत गतिविधिका लागि आर्थिक स्रोत नगरपालिका तथा वडा समितिको नियमित बार्षिक बजेट भित्र समायोजन गरिनेछ भने कतिपय गतिविधिहरू अन्य संघसंस्था तथा निकायसँगको सहकार्य, साझेदारीमा पनि गर्न सकिनेछ । आर्थिक तथा प्राविधिक सहयोग जुटाउनका लागि विशेषज्ञता हासिल गरेका व्यक्ति, संघसंस्था तथा दातृनिकायसँग सहकार्य गर्न सकिनेछ ।

(घ) यस कार्ययोजनाका कार्यक्रमहरू लागू गर्न नगरपालिकाले संघीय सरकार, प्रदेश सरकार लगायत विभिन्न संघसंस्था, निजी क्षेत्रसँग सहकार्यका लागि पहल गर्नेछ ।

७.२ यस कार्ययोजनालाई कार्यान्वयन गर्दा प्रधानाध्यापक तथा सम्पर्क शिक्षकको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) प्रधानाध्यापकको भूमिका :-

- नगरपालिका, विषयगत विज्ञ, शिक्षक तथा स्थानीय समुदायसँग समन्वय गरी कार्यक्रमको योजना बनाउने, कार्यान्वयन गर्ने, स्रोतको खोजी गर्ने र निरन्तर मूल्याङ्कन गर्ने ।
- विद्यालयमा हरियाली प्रवर्धनका लागि आवश्यक स्रोत, साधन, क्षेत्र उपलब्ध गराउने, वीउ-बीजन, विरुवा, मल, सिंचाई आदिको लागि आवश्यक बजेटको विनियोजन गर्ने ।
- हरित तथा स्वच्छ विद्यालय कार्यक्रम प्रबर्धन गर्न एकजना शिक्षकलाई सम्पर्क शिक्षकको रुपमा जिम्मेवारी तोक्ने ।
- कार्यक्रमको अनुगमन, मूल्याङ्कन गरी आवश्यकता अनुसार सल्लाह, सुझाव र हौसला दिने ।
- समय समयमा मूल्याङ्कन गरी उत्कृष्ट विद्यार्थी तथा सदनलाई सम्मान वा पुरस्कृत गर्ने ।

(ख) सम्पर्क शिक्षकको भूमिका :-

- हरित तथा स्वच्छ विद्यालय कार्यक्रम प्रबर्धन गर्न विद्यालयस्तरीय सम्पूर्ण क्रियाकलापको संयोजन र कार्यान्वयनमा पहलकदमी लिने ।
- आवश्यकतानूसार विद्यालय स्तरीय कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिको बैठक बोलाउन समन्वय गर्ने, समितिका बैठकहरूको अभिलेख राख्ने र निर्णयहरू कार्यान्वयनमा सहयोग पुऱ्याउने ।
- प्रधानाध्यापक, विषयविज्ञ तथा विद्यार्थीहरूसँग समन्वय गरी कार्यक्रमको कार्यान्वयन गर्ने ।
- विभिन्न कक्षाका विद्यार्थीहरूको क्षमता र उमेरलाई ध्यानमा राखी विभिन्न शारीरिक तथा बौद्धिक कार्य गर्न प्रोत्साहित गर्ने ।
- विद्यार्थीहरूलाई परिचालन गर्ने, विषयगत विषयहरूमा क्रियाकलापलाई जोडेर अध्यापन कार्यमा सहयोग पुऱ्याउने ।
- विद्यार्थीको सक्रिय सहभागिताका लागि प्रोत्साहन तथा प्रेरणा प्रदान गर्ने ।
- वार्षिक पात्रो बनाउन विद्यार्थीलाई सहजीकरण गर्ने ।
- साप्ताहिक कक्षा संचालनका लागि योजना बनाउने ।
- यस कार्ययोजना अन्तर्गत विद्यार्थीले गरेका कार्यहरूमा समन्वय तथा प्राविधिक सहायता प्रदान गर्ने ।
- हरियाली क्षेत्रको नियमित निरीक्षण तथा अनुगमन गर्ने ।
- कार्य प्रगति विवरण प्रस्तुत गर्न तथा रणनीति बनाउनका लागि विद्यालयको नियमित बैठकमा उपस्थित हुने ।
- प्रत्येक तीन महिनामा विद्यार्थीको सिकाई सक्षमताको परीक्षण गर्ने ।
- पृष्ठपोषण र प्रतिक्रिया नियमित रुपमा लिने दिने ।

# परिच्छेद - ८

## अनुगमन तथा मूल्याङ्कन र हरित तथा स्वच्छ विद्यालय अवार्डसम्बन्धी व्यवस्था

८.१ अनुगमन तथा मूल्यांकनको व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) नगरस्तरीय कार्यक्रम कार्यान्वयन समितिलाई सहयोग पुऱ्याउन तथा यस कार्ययोजनाको कार्यान्वयनको अवस्थाको अनुगमनका निमित्त प्रत्येक वर्ष देहायको ५ सदस्यीय 'हरित तथा स्वच्छ विद्यालय कार्यक्रम कार्ययोजना अनुगमन तथा मूल्याङ्कन समिति' गठन गरिने छ :-

(१) उपप्रमुख, कागेश्वरी मनोहरा नगरपालिका - संयोजक

(२) शिक्षा अधिकृत - सदस्य

(३) नगर प्रमुखले तोकेको वातावरण शिक्षासँग सम्बन्धित विषय विज्ञ - सदस्य

(४) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी १ जना - सदस्य

(५) वातावरण शाखा प्रमुख - सदस्य सचिव

८.२ हरित तथा स्वच्छ विद्यालय कार्यक्रम कार्ययोजना अनुगमन तथा मूल्याङ्कन समितिले आफ्नो कार्यविधि तय गर्न देहायका प्रक्रिया अवलम्बन गर्न सक्नेछ ।

- स्थलगत अनुगमन
- वार्षिक कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना
- कार्यान्वयनमा आधारित क्रियाकलाप अनुगमन तथा मूल्यांकन (अनुसूची २ अनुसार)
- सहभागितामूलक समीक्षा

८.३ हरित तथा स्वच्छ विद्यालय कार्यक्रम कार्ययोजना अनुगमन तथा मूल्याङ्कन समितिले शैक्षिक सत्र अन्त्य भएको दुई महिना भित्र आफ्नो कार्यसम्पादन सम्पन्न गरी नगरस्तरिय कार्यक्रम कार्यान्वयन समितिसमक्ष प्रतिवेदन सहित हरित तथा स्वच्छ विद्यालय अवार्डका लागि विद्यालयको नाम सिफारिस गर्नेछ ।

८.४ हरित विद्यालय अवार्डका लागि सिफारिस भइ आएको विद्यालयलाई नगरपालिकाले विभिन्न अवसरमा अवार्ड/पुरस्कार प्रदान गर्नेछ ।

# परिच्छेद - ९

## विविध

९.१ कार्ययोजना परिमार्जन :

यो कार्ययोजना आवश्यकता अनुसार जुनसुकै बेला अध्यावधिक वा परिमार्जन गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

९.२ कार्ययोजना अनुमोदन र लागु हुने अवधि :

यो कार्ययोजना नगरस्तरीय सरोकारवालाहरूको भेलाबाट छलफल गरी आवश्यक सल्लाह सुझाव वा पृष्ठपोषणसहित नगर कार्यपालिकाले अनुमोदन गरेको मितिदेखि यसको खारेजी नहुन्जेलसम्म लागू हुनेछ ।

९.३ कार्ययोजनाको व्याख्या :

यस कार्ययोजनाको कार्यान्वयनका क्रममा कुनै विवाद उठेमा त्यसको अन्तिम व्याख्या गर्ने अधिकार नगरस्तरीय कार्यक्रम कार्यान्वयन समितिमा निहीत रहनेछ ।

# परिच्छेद - १०

## अनुसूचि

### अनुसूचि १ : कागेश्वरी मनोहरा नगरपालिकाको विद्यालयमा इको क्लब गठन, सुदृढीकरण तथा परिचालनसम्बन्धी मार्गदर्शन

**-1_** परिचय

एक विद्यालय एक बगैंचा तथा बृहत हरित क्षेत्र निर्माण कार्यक्रमलाई प्रभावकारी रुपमा सहभागितामूलक तरिकाबाट सञ्चालन गर्न, विद्यार्थी तथा अभिभावकहरूबीच सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न र विद्यार्थीबाट कार्यक्रम सञ्चालनमा सक्रिय भूमिका निर्वाह गर्न गराउनका लागि प्रत्येक विद्यालयमा इको क्लब रहने व्यवस्था नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले "हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५" मार्फत गरेको छ ।

कागेश्वरी मनोहरा नगरपालिकाको हरित तथा स्वच्छ विद्यालय कार्यक्रम कार्ययोजना, २०८१ लाई प्रभावकारी रुपमा सहभागितामुलक तरिकाबाट सञ्चालन गर्न, विद्यार्थी तथा अभिभावकहरू बीच सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, वातावरण विज्ञानसम्बन्धी बालबालिकाको ज्ञान तथा सीप अभिवृद्धि गर्न, तथा बौद्धिक र नेतृत्व क्षमताको विकास गर्नका लागि नगरपालिका भित्रका विद्यालयमा गठन गरिने विद्यार्थीहरूको समूहलाई इको क्लबको रुपमा स्थापित गरिनेछ। यही इको क्लबको गठन, सुदृढीकरण तथा परिचालनमा सहजीकरण गर्नका निमित्त यो मार्गदर्शन तयार गरिएको छ ।

## -2_ उद्देश्य

कागेश्वरी मनोहरा नगरपालिका अन्तर्गत विद्यालयमा इको क्लब गठन, सुदृढीकरण तथा परिचालनका मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :-

(क) विद्यार्थीहरूलाई वातावरण संरक्षणसम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको विकास गराउने ।

(ख) विद्यालय वातावरण स्वच्छ र हरियाली कायम गर्न सहयोग गर्ने ।

(ग) राम्रा सिकाइ अनुभवहरू आदान-प्रदान गरी वातावरणमैत्री संरक्षण संस्कृतिको विकास गर्ने ।

(घ) विभिन्न तालिम, खेलकुद एवम् अतिरिक्त क्रियाकलापहरूको माध्यमबाट विद्यार्थीको व्यक्तित्व एवं नेतृत्व सिपको विकास गराउने ।

(ङ) विद्यार्थीको माध्यमबाट विद्यालय र विद्यालय नजिकको समुदायमा फोहोरमैला व्यवस्थापन, वायु प्रदूषण न्यूनीकरण गर्न, पानीको सदुपयोग एवम् वातावरण सम्बन्धी सचेतना विस्तार गर्ने ।

(च) स्थानीय समुदायको समेत सहभागितामा विद्यार्थीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा वातावरण संरक्षण सम्बन्धी क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने, बालबालिका तथा युवाको सञ्जाल विस्तार गर्ने ।

(छ) वायु प्रदूषण तथा वातावरण संरक्षण शिक्षाको दिगो विकासका लागि इको क्लबको सङ्ख्यात्मक र गुणात्मक विकासद्वारा गुणस्तर शिक्षा अभिवृद्धि गर्ने ।

(ज) विभिन्न तहमा विद्यार्थीहरू बिच जलवायु परिवर्तन, दिगो विकास, वायु प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षणसम्बन्धी अवधारणा एवम् अनुभव विस्तार गर्ने ।

## -3_ इको क्लबसम्बन्धी व्यवस्था

(क) प्रत्येक विद्यालयमा एक इको क्लब गठन गरिनेछ ।

(ख) विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरू इको क्लबका साधारण सदस्य हुन सक्छन् ।

(ग) प्रत्येक विद्यालयमा कम्तिमा ५० प्रतिशत छात्रा हुने गरी इको क्लब कार्यसमिति गठन गर्न सकिनेछ ।

(घ) इको क्लबको नाम पहिलो भेला वा कार्यसमितिले तोके बमोजिम हुनेछ ।

(ङ) इको क्लबको प्रमुख संरक्षक प्रध्यानाध्यापक रहने छन् भने सम्पर्क शिक्षक (Focal Teacher) संरक्षक रहने व्यवस्था मिलाउनु पर्दछ ।

(च) इको क्लब कार्यसमितिको कार्यकाल दुई वर्षको हुनेछ ।

(छ) पठनपाठनको अवधि समाप्त भई वा अन्य कुनै कारणबाट कार्यसमितिको पद रिक्त हुन गएमा रिक्त भएको १ महिनाभित्र पदपुर्ति गर्नुपर्दछ ।

(ज) प्रत्येक २ वर्षको अवधि पूरा भएपछि साधारणसभाबाट नयाँ कार्यसमिति चयन गर्नुपर्दछ ।

(झ) इको क्लबको बैठकसम्बन्धी कार्यविधि, साधारण सदस्यता, कोषको सञ्चालन र अन्य काम, कर्तव्य र अधिकार सो क्लबको विधानमा उल्लेख भए अनुसार हुनेछ ।

(ख) विद्यालयमा इको क्लब निर्माण भइसकेको छ भने सोही इको क्लबलाई सुदृढीकरण गर्दै कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

(ग) इको क्लब गठन नभइसकेका विद्यालयहरूमा यही मार्गदर्शनले तोकेको कार्यविधि अनुसार प्रत्येक विद्यालयमा एक इको क्लब गठन गर्न सकिनेछ ।

**-4_ इको क्लबको कार्यसमिति गठन प्रक्रिया**

(क) प्रत्येक विद्यालयमा देहाय बमोजिम इको क्लब कार्यसमिति गठन गर्न सकिनेछ । इको क्लब गठन गर्ने प्रयोजनका निमित्त प्रधानाध्यापक, सम्पर्क शिक्षक, तोकिएका शिक्षकहरू एवं ईच्छुक विद्यार्थीहरूको भेला डाक्नुपर्नेछ ।

| आधारभूत तह | | माध्यमिक तह | |
|---|---|---|---|
| अध्यक्ष | १ जना | अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना | उपाध्यक्ष | १ जना |
| सचिव | १ जना | सचिव | १ जना |
| कोषाध्यक्ष | १ जना | कोषाध्यक्ष | १ जना |
| सदस्य | ५ जना | सदस्य | ७ जना |

(ख) कार्यसमितिमा कम्तीमा ५० प्रतिशत बालिकाहरूको सहभागिता सहित समावेशी संरचना सुनिश्चित गरिनु पर्दछ ।

(ग) आधारभूत तहमा कक्षा ४ र ५ बाट २/२ जना, कक्षा ६ र ७ बाट २/२ जना र कक्षा ८ बाट १ जना गरी जम्मा ९ सदस्यीय कार्यसमिति गठन गर्न सकिने छ ।

(घ) माध्यमिक तहमा कक्षा ६ र ७ बाट २/२ जना, कक्षा ८ बाट ३ जना र कक्षा ९ बाट ४ जना गरी जम्मा ११ सदस्यीय कार्यसमिति गठन गर्न सकिने छ ।

तर, विद्यालयको परिवेश एवम् कक्षागत अवस्थाको आधारमा भेलाको सुझावलाई आधार मानि कार्यसमिति गठन गर्न सकिने छ ।

(ङ) कार्यसमितिमा छानिएका सदस्यहरू मध्येबाट आपसी सहमतिमा वा चुनावमार्फत अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षको चयन गर्न सकिने छ ।

## -5_ काम कर्तव्य र अधिकार

(क) प्रधानाध्यापक/प्रमुख संरक्षक

- स्थानीय समुदाय, विद्यालय व्यवस्थापन समिति, विभिन्न सरकारी/गैरसरकारी संघसंस्थाहरूसँग समन्वय गर्ने
- सम्पर्क शिक्षकलगायत सम्पूर्ण शिक्षक, कर्मचारीहरूसँग समन्वय गरी इको क्लबका क्रियाकलापहरूलाई प्रभावकारी बनाउन समय-समयमा निर्देशन दिने
- इको क्लबका कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन गर्ने
- शिक्षक, विद्यार्थी सबैलाई वातावरणमैत्री विद्यालय बनाउन प्रेरित गर्ने

(ख) सम्पर्क शिक्षक/संरक्षक

- प्रधानाध्यापकसँग निरन्तर समन्वय गरी विद्यार्थी परिचालन गरेर कार्यक्रम/क्रियाकलापहरू सञ्चालन गर्ने ।
- विषयवस्तु मिल्दो शिक्षण क्रियाकलाप, सह-क्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप र अन्य जीवनोपयोगी क्रियाकलाप सञ्चालनमा इको क्लबको परिचालन गर्ने ।
- इको क्लबका कार्यक्रम/क्रियाकलापहरू सञ्चालन गर्न सहजीकरण गर्ने, अनुगमन गर्ने ।
- आवश्यकता अनुसार इको क्लब कार्यसमिति मार्फत विद्यार्थीहरूलाई सहयोग गर्ने ।

(ग) इको क्लब कार्यसमिति

- सम्पर्क शिक्षकको प्रत्यक्ष सहभागितामा इको क्लबको वार्षिक कार्य योजना बनाउने र लागू गर्ने ।
- कार्यसमितिका पदाधिकारीहरूको जिम्मेवारी बाँडफाँड गर्ने ।
- कार्यसमितिको कार्यकाल नसकिँदै कुनै पद रिक्त हुन गएमा रिक्त पदमा अन्य कुनै सदस्यलाई जिम्मेवारी तोक्ने ।
- आवश्यकता अनुसार विभिन्न उपसमितिहरू बनाई जिम्मेवारी दिने तथा संयोजक तोक्ने ।
- उपसमिति वा सदस्यमार्फत गरिएका इको क्लबसम्बन्धी काम कारवाहीमा सहयोग गर्ने ।
- इको क्लबसम्बन्धी सम्पूर्ण क्रियाकलापहरूको अभिलेख राख्ने ।
- विभिन्न क्षेत्रमा इको क्लबको सहभागिताका लागि प्रतिनिधि तोक्ने ।
- हरित विद्यालय कार्यक्रम कार्यान्वयनमा आफ्नो विद्यालयको प्रतिनिधित्व गर्ने ।
- इको क्लबको गतिविधि सञ्चालनका लागि आवश्यक खर्च जुटाउन पहल गर्ने ।
- आवश्यकतानूसार इको क्लबको विधान तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत भएपछि लागू गर्ने ।

## -6_ कोष सम्बन्धी व्यवस्था

विद्यालयले इको क्लबको छुट्टै एउटा कोष बनाउन सक्नेछ । उक्त कोषमा देहायबमोजिमका रकम जम्मा गर्न सकिनेछ :

क) विद्यालयबाट प्राप्त अनुदान रकम,

ख) विद्यार्थीहरूबाट प्राप्त सहयोग रकम,

ग) अभिभावकबाट प्राप्त सहयोग रकम,

घ) पूर्व विद्यार्थीबाट प्राप्त सहयोग रकम,

ङ) सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त अनुदान र सहयोग रकम,

च) स्थानीय शिक्षाप्रेमी, व्यापारी, प्रतिष्ठान, उद्योगबाट प्राप्त सहयोग रकम,

छ) विद्यार्थीहरूले तयार गरेको सामग्री बिक्रीबाट प्राप्त रकम,

ज) इको क्लबबाट सञ्चालन गरिएका नर्सरी, तरकारी, फलफूल, फूल जस्ता सामग्री बिक्रीबाट प्राप्त रकम,

झ) विद्यालयमा खेर गएको उपकरण वा सामान बिक्री गरेर प्राप्त रकम,

ञ) साधारण सदस्यबाट उठेको र अन्य रकम ।

## -7_ इको क्लबका कार्यक्रमहरू

इको क्लबले आवश्यकतानूसार देहायका विभिन्न क्रियाकलाप सञ्चालन गर्न वा सहभागिता जनाउन सक्नेछन् :-

(क) विद्यालय तथा विद्यालय सेवाक्षेत्रमा प्रदूषणका स्रोतहरू पत्ता लगाउने तथा यसका असरहरूका बारेमा खोज तथा अनुसन्धान गर्ने ।

(ख) विद्यालय, घर तथा समुदायमा प्रदूषण न्यूनीकरणका उपाय अवलम्बनका अभ्यास गर्ने ।

(ग) पाठ्यक्रममा निहित वातावरणसँग सम्बन्धित विषयवस्तुबारे कक्षागत छलफल ।

(घ) वातावरणसम्बन्धी सिकाई सामग्री निर्माण तथा प्रयोग ।

(ङ) विपद् जोखिम न्यूनीकरण/जलवायु परिवर्तन/वायु प्रदूषण/हरित विद्यालय आदि विषयमा विभिन्न सचेतना तथा शिक्षासम्बन्धी कार्यक्रमहरू जस्तै :-

- विज्ञसँग बालबालिका कार्यक्रम
- मेयर/उपमेयर/वडाध्यक्षसँग बालबालिका कार्यक्रम
- अन्तरविद्यालय इको क्लब गोष्ठी तथा कार्यशाला बैठक

- इको क्लबले गरेका राम्रा कामहरूको बारेमा जानकारी लिन दिन अध्ययन, अवलोकन भ्रमण
- वक्तृत्वकला प्रतियोगिता
- हाजिरीजवाफ प्रतियोगिता
- चित्रकला प्रतियोगिता
- फोटो तथा भिडियो प्रतियोगिता
- वादविवाद प्रतियोगिता
- हिज्जे प्रतियोगिता
- निबन्ध प्रतियोगिता
- वातावरण संरक्षण तथा प्रदूषणसम्बन्धी जानकारी विभिन्न सञ्चार माध्यममार्फत प्रकाशन गर्ने गराउने (जस्तै पत्रपत्रिका, विद्यालय प्रतिवेदन, एफ.एम, अनलाइन, सामाजिक सञ्जाल, भित्ते पत्रिका आदि)
- वातावरणीय/इको प्रदर्शनी
- अन्य खेलकुद सम्बन्धी गतिविधि
- सडक नाटक
- घरदैलो कार्यक्रम
- समुदाय फोहोर व्यवस्थापन कार्यशाला
- फ्लास मोब
- इको र्‍याली आयोजना
- विद्यालयको अन्य कार्यक्रम जस्तै वार्षिकोत्सवमा अभिभावक भेला

## -8_ विविध

(क) इको क्लबका कार्यक्रममा शिक्षक तथा कर्मचारी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी, कक्षा ४ देखि माथिका विद्यार्थीहरू र स्वेच्छिक रुपमा अभिभावक तथा स्थानीय शिक्षा/वातावरणप्रेमीहरूले विभिन्न क्रियाकलापमा संलग्न हुनसक्नेछन्। कक्षा ३ र सो भन्दा तल्लो कक्षाका विद्यार्थीहरूलाई अवलोकन कार्यमा मात्र संलग्न हुने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) विद्यार्थीहरूलाई विभिन्न सदनमा विभाजन गरी पालैपालो भाग लिने अवसर दिनुपर्नेछ। क्षमता र उमेरलाई ध्यानमा राखी विद्यार्थीहरूलाई विभिन्न क्रियाकलापमा संलग्न हुन प्रोत्साहित गर्नुपर्नेछ।

(ग) यस मार्गदर्शनमा भएको प्रावधान थप स्पष्ट गर्नुपर्ने भएमा अतिरिक्त स्रोत सामग्री निर्माण गर्न सकिनेछ ।

(घ) इको क्लबको विधानको ढाँचा :

1= प्रस्तावना

2= इको क्लबको नाम र ठेगाना

3= उद्देश्यहरू

4= सदस्यता प्राप्ति र समाप्ति

5= साधारण सदस्यहरूको काम, कर्तव्य र अधिकार

6= कार्य समितिको गठन

7= कार्य समितिको काम, कर्तव्य र अधिकार

8= बैठक सञ्चालन प्रक्रिया

9= प्रमुख संरक्षकको काम, कर्तव्य र अधिकार

10= संरक्षकको काम, कर्तव्य र अधिकार

11= आर्थिक व्यवस्था र कोष सञ्चालन

12= वार्षिक कार्यक्रम तयारी र स्वीकृति

13= कार्य समिति विघटन

14= अनुगमन र मूल्याङ्कन

15= विधान संशोधन

16= क्लबबाट सम्पादन हुने मुख्य मुख्य कार्यक्रमहरू

17= विविध

## अनुसूचि २ : अनुगमन तथा मूल्याङ्कनको अंकभार सम्बन्धी ढाँचा

| | | | |
|---|---|---|---|
| | | १. हरित विद्यालय कार्यक्रम कार्यान्वयन गर्ने । | ६० |
| १ | **विद्यालय हाताभित्र तथा वरिपरिको खाली जग्गामा हरियाली प्रवर्धन गर्ने ।** | | |
| | १.१ | नर्सरी स्थापना तथा व्यवस्थापन गरेमा । | १ |
| | १.२ | हरित घेरावार गरेमा । | १ |
| | १.३ | हरित सडक निर्माण गरेमा । | १ |
| | १.४ | फलफूल बगैंचा स्थापना गरेमा । | १ |
| | १.५ | करेसावारी निर्माण गरेमा । | १ |
| | १.६ | पुष्प तथा जडिबुटी बगैंचा निर्माण गरेमा । | १ |
| २ | **फोहोरको वर्गीकरण गर्ने ।** | | |
| | २.१ | डस्टविनको व्यवस्था भएमा । | १ |
| | २.२ | फोहोरको वर्गीकरण गरेमा । | १ |
| ३ | **फोहोरको उचित व्यवस्थापन सम्बन्धी अभ्यास गर्ने ।** | | |
| | ३.१ | कुहिने फोहोरको व्यवस्थापन (कम्पोष्टिङ) गरेमा । | १ |
| | ३.२ | नकुहिने फोहोरको व्यवस्थापन (घटाउने, विक्री गर्ने, पुनः प्रयोग, पुनः चक्रण) गरेमा । | १ |
| | ३.३ | तरल फोहोरको व्यवस्थापन गरेमा । | १ |
| | ३.४ | विद्युतीय फोहोर व्यवस्थापन गरेमा । | १ |
| | ३.५ | घर तथा समुदायमा विद्यार्थीले फोहोर वर्गीकरणको अभ्यास गरेमा । | १ |
| ४ | **विद्यालयमा पानी तथा सरसफाइको विस्तृत लेखाजोखा गरी व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्ने ।** | | |
| | ४.१ | विद्यालयमा पानी र सरसफाईको लेखाजोखा प्रतिवेदन तयार गरेमा । | १ |
| | ४.२ | विद्यालयमा पानी र सरसफाईको लेखाजोखा प्रतिवेदन अनुसार व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरेमा । | १ |
| | ४.३ | पानीको उचित व्यवस्थापनका लागि शिक्षक/शिक्षिका, विद्यार्थी तथा कर्मचारीलाई अभिमूखिकरण गरेमा । | १ |
| ५ | **विद्यालयमा स्वच्छ पानी व्यवस्थापनका उपायहरू कार्यान्वयन गर्ने ।** | | |
| | ५.१ | आकाशे पानी सङ्कलन अभ्यास भएमा वा मुख्य स्रोत तथा वैकल्पिक स्रोतको व्यवस्थापन भएमा । | १ |
| | ५.२ | विद्यालयमा निश्चित समय छुट्टायाई विद्यार्थीलाई पानी पिउने व्यवस्था गरेमा । | १ |
| | ५.३ | प्लाष्टिकको बोतल विस्थापन गरी विद्यार्थीलाई प्लाष्टिक बाहेकका गिलास /बोतल /भाँडोको व्यवस्था गरेमा । | १ |
| | ५.४ | भुमिगत जलभणरको रिचार्ज गर्ने व्यवस्था भएमा । | १ |
| ६ | **विद्यालयमा सरसफाइ सम्बन्धी क्रियाकलापहरूको अभ्यास गर्ने । (Three Star Approach)** | | |
| | ६.१ | विद्यार्थीहरुमा आधारभूत सरसफाइ सम्बन्धी बानी विकास भएमा । | २ |
| | ६.२ | पिउने पानीको शुद्धीकरणका उपायहरू अपनाएमा । | १ |
| | ६.३ | महिला/पुरुष एवम् अपांगमैत्री अलग शौचालयको व्यवस्था भएमा । | १ |

| | | | |
|---|---|---|---|
| | ६.४ | साना उमेर समूहका विद्यार्थीहरूका लागि बालमैत्री/पहुँचयोग्य शौचालय भएमा । | १ |
| | ६.५ | स्यानेटरी प्याड व्यवस्थापन गर्ने सुविधाहरू भएमा । | १ |
| | ६.६ | फोहोर नमिसिने गरी पानीका स्रोतहरूको व्यवस्थापन भएमा । | १ |
| | ६.७ | सरुवा रोगहरूबारे विद्यार्थीहरूलाई जानकारी भएमा । | १ |
| | ६.८ | सरुवा रोगहरूलाई कम गर्नको लागि सुरक्षात्मक तरिकाहरू अवलम्बन गरेमा । | १ |
| ७ | **विद्यालयको उर्जा व्यवस्थापन योजना तयार पारी कार्यान्वयन गर्ने ।** | | |
| | ७.१ | उर्जाको लेखा-जोखा गरी मासिक उर्जा खपतको ग्राफ तयार गरेमा । | १ |
| | ७.२ | उर्जा व्यवस्थापन प्रतिवेदन तयार गरेमा । | १ |
| | ७.३ | उर्जामैत्री सचेतना कार्यक्रम संचालन गरेमा । | १ |
| | ७.४ | उर्जा बचत विधिहरू अवलम्बन गरेमा । | १ |
| | ७.५ | नविकरणिय उर्जाको प्रयोग गरेमा । (जस्तै : जल विद्युत, सोलार प्यानल, जैविक इन्धन, पानीघट्ट, उर्जामैत्री सवारी साधनको प्रयोग आदि) | १ |
| ८ | **विद्यालयमा सिकाइ केन्द्रको निर्माण गर्ने ।** | | |
| | ८.१ | इको पुस्तकालय/सिकाइ केन्द्र भएमा । | १ |
| | ८.२ | इको पुस्तकालय/सिकाइ केन्द्र विद्यार्थीको सिकाईमा प्रयोग भएमा । | १ |
| | ८.३ | स्थानीय कला संस्कृति प्रवर्धन गर्न तथा काम नलाग्ने वस्तुबाट विभिन्न सामग्रीहरु तयार गर्न आर्ट वर्कशप स्थापना भएमा । | १ |
| | ८.४ | इ लाइब्रेरी भएमा । | १ |
| ९ | **हरित विद्यालय सञ्जाल निर्माण गरी सिकाइ आदानप्रदान गर्ने ।** | | |
| | ९.१ | सञ्जालमा आबद्ध भएमा । | १ |
| | ९.२ | सञ्जालको सामुहिक गतिविधि वा सिकाइ आदानप्रदान सहभागी भएमा । | १ |
| १० | **वनस्पति र जीवजन्तुका नमुनाहरु संकलन गरी विद्यालयमा जैविक अध्ययन कर्नर स्थापना गर्ने ।** | | |
| | १०.१ | जैविक वस्तुहरुको संकलन, नामाकरण र वर्गीकरण गरेमा । | १ |
| | १०.२ | जैविक वस्तुहरुकोबारे अध्ययन अनुसन्धान गरी ज्ञान हसिल गरेमा । | १ |
| | १०.३ | जैविक वस्तुहरुको संरक्षण गरेमा । | १ |
| ११ | **वातावरणीय सचेतना अभिवृद्धिका लागि विद्यार्थीहरुको अध्ययन भ्रमण गराउने ।** | | |
| | ११.१ | नजिकको राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र/ साँस्कृतिक क्षेत्रमा/उद्यान क्षेत्र/पार्क आदि कुनैपनि क्षेत्रमा विद्यार्थीहरूको अध्ययन भ्रमण गराएमा । | १ |
| | ११.२ | भ्रमण प्रतिवेदन तथा वनस्पति वा जनावरको प्रोफाइल तयार गरेमा । | १ |
| | ११.३ | विद्यालयमा हर्बेरियम निर्माण भएमा । | १ |
| १२ | **जनावर तथा पशुपंक्षीहरुबारे खोजगरी सो सम्बन्धी प्रोफाईल तयार गर्न लगाउने ।** | | |
| | १२.१ | जनावर तथा पशुपंक्षीहरुबारे खोजगरी सो सम्बन्धी प्रोफाईल तयार गरेमा । | १ |
| १३ | **विद्यालयमा कृतिम जलाशय (Aquarium) निर्माण गरी विद्यार्थीहरुको सिकाइमा प्रयोग गर्ने ।** | | |
| | १३.१ | Aquarium निर्माण गरी सोको उचित व्यवस्थापन तथा हेरचाह गरेमा । | १ |
| | १३.२ | Aquarium को प्रयोग शिक्षण समाग्रीको रुपमा गरेमा । | १ |
| १४ | **पोखरी निर्माण गरी स्थानीय क्षेत्रमा पाइने जलचर तथा वनस्पतिहरुको बारेमा विद्यार्थीहरुलाई प्रत्यक्ष अध्ययन अनुसनधान गराउने ।** | | |

| | | | |
|---|---|---|---|
| | १४.१ | स्थानीय क्षेत्रमा पाइने जनावर तथा वनस्पतिहरुको प्रत्यक्ष अवलोकन गराएमा । | १ |
| | १४.२ | जलीय वनस्पति र जीवजन्तुहरुको अन्तरसम्बन्ध बारे अध्ययन गराएमा । | १ |
| १५ | **विद्यालयमा इको क्लब गठन तथा परिचालन गर्ने ।** | | |
| | १५.१ | इको क्लब गठन गरेमा । | १ |
| | १५.२ | इको फोकल शिक्षकको व्यवस्था भएमा । | १ |
| | १५.३ | इको क्लबले कार्ययोजना बनाइ प्रत्येक महिना वातावरण सम्बन्धी क्रियाकलाप गरेमा । | २ |
| १६ | **इको क्लब मार्फत स्थानीय समुदायमा विपद् जोखिम, जलवायु परिवर्तन, कृषि, तथा वातावरण संरक्षण लगायतका विषयमा अध्ययन, सर्वेक्षण, अनुगमन, तथ्यांक संकलन आदि गर्न लगाइ प्रतिवेदन तयार गर्न लगाउने ।** | | |
| | १६.१ | समुदायमा गइ तथ्यांक संकलन, विश्लेषण तथा प्रतिवेदन तयारी जस्ता विषयमा विद्यार्थीहरु संलग्न भएमा । | ३ |
| १७ | **अध्ययनबाट प्राप्त निचोडको आधारमा इको क्लबले क्रियाकलाप सञ्चालन गर्ने ।** | | |
| | १७.१ | इको क्लब आफूले गरेका अध्ययनको निश्कर्षका आधारमा विभिन्न क्रियाकलापहरु सञ्चालन गरेमा । | २ |
| | **२. हरित तथा स्वच्छ विद्यालय सम्बन्धी सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।** | | **१२** |
| १८ | **विद्यालयस्तरमा स्वच्छ हावा सम्बन्धी इको क्लब, शिक्षक, अभिभावकबीच अभिमुखीकरण गर्ने ।** | | |
| | १८.१ | इको क्लबलाई अभिमुखीकरण प्रदान गरेमा । | १ |
| | १८.२ | विद्यालयका शिक्षकहरुलाई अभिमुखीकरण प्रदान गरेमा । | १ |
| | १८.३ | अभिभावकहरुलाई अभिमुखीकरण प्रदान गरेमा । | १ |
| १९ | **विद्यालयमा इको क्लबका पदाधिकारीहरूको नेतृत्व क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने ।** | | |
| | १९.१ | इको क्लबका पदाधिकारीहरूले नेतृत्व सीप हासिल गर्न तालिम प्राप्त गरेमा । | १ |
| २० | **इको क्लब, शिक्षक, विद्यालय व्यवस्थापन समिति, तथा अभिभावकलाई वातावरण प्रदूषण तथा जलवायु परिवर्तन शिक्षासम्बन्धी अभिमुखीकरण तथा प्रशिक्षण प्रदान गर्ने ।** | | |
| | २०.१ | इको क्लब, शिक्षक, विद्यालय व्यवस्थापन समिति, तथा अभिभावकलाई वातावरण प्रदूषण तथा जलवायु परिवर्तन शिक्षासम्बन्धी अभिमुखीकरण/प्रशिक्षण सञ्चालन भएमा । | १ |
| २१ | **विद्यालय शिक्षामार्फत विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम/तालिम सञ्चालन गर्ने ।** | | |
| | २१.१ | विद्यालयमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम/तालिम संचालन गरेमा । | २ |
| | २१.२ | विपद्का कारण हुन सक्ने आपत्कालीन स्वास्थ्य सेवा प्रवाह तथा निरन्तर शिक्षाका लागि तालिम प्रदान गरेमा । | १ |
| २२ | **वायु प्रदूषणको स्थितिबारे सचेतीकरण गर्न विद्यालय झण्डा अवधारणा सम्बन्धी तालिम प्रदान गर्ने ।** | | |
| | २२.१ | विद्यालयको प्रधानअध्यापक तथा सम्पर्क शिक्षकले विद्यालय झण्डा सम्बन्धी तालिममा सहभागी भएमा । | १ |

| | | | |
|---|---|---|---|
| २३ | **विद्यालय नर्स वा फोकल शिक्षकलाई प्रदूषणका कारण हुन सक्ने आपत्कालीन स्वास्थ्य सेवा प्रवाहका लागि तालिम दिने ।** | | |
| | २३.१ | विद्यालय नर्स वा फोकल शिक्षकलाई प्रदूषणका कारण हुन सक्ने आपत्कालीन स्वास्थ्य सेवा प्रवाहका लागि तालिममा सहभागी भएम । | १ |
| २४ | **शिक्षक मार्फत विद्यार्थीहरूलाई सामान्य कृषि कार्यलगायत कुकिङ/ उद्यमशीलताजस्ता प्रयोगात्मक विषयमा प्रशिक्षित गराउने ।** | | |
| | २४.१ | विद्यार्थीहरूलाई सामान्य कृषि कार्यलगायत कुकिङ, उद्यमशीलता जस्ता प्रयोगात्मक विषयमा संलग्न गराएमा । | २ |
| | **३. विद्यालय शिक्षा मार्फत वायु प्रदूषण न्यूनीकरण र वातावरण प्रति विद्यार्थीहरूको संवेदनशीलता प्रवर्धन गर्ने ।** | | ८ |
| २५ | **वायुको गुणस्तर, वायु प्रदूषणका स्रोत तथा असरहरू एवम् व्यवस्थापन सम्बन्धी सिकाई प्रवर्धन गर्न विद्यार्थीहरूलाई समुदायमा अध्ययन गर्न लगाउने ।** | | |
| | २५.१ | वायुको गुणस्तर, वायु प्रदूषणका स्रोत तथा असरहरू एवम् वायु गुणस्तर व्यवस्थापन सम्बन्धी समुदाय स्तरमा गइ विद्यार्थीहरूले अध्ययन/सर्भे गरेमा । | २ |
| २६ | **विद्यालय सुधार योजना र वार्षिक क्यालेन्डरमा वायु प्रदूषण न्यूनीकरण एवम् वातावरण संरक्षणसम्बन्धी गतिविधि समावेश गर्न कार्यशाला सञ्चालन गर्ने ।** | | |
| | २६.१ | विद्यालय सुधार योजना र वार्षिक क्यालेन्डरमा वायु प्रदूषण न्यूनीकरण एवम् वातावरण संरक्षणसम्बन्धी गतिविधि समावेश भएमा । | १ |
| | २६.२ | विद्यालय सुधार योजना र वार्षिक क्यालेन्डरमा वायु प्रदूषण न्यूनीकरण एवम् वातावरण संरक्षणसम्बन्धी गतिविधि संचालन गरेमा । | १ |
| २७ | **वायु प्रदूषणको स्थितिबारे अनलाइन एप्लीकेशनमार्फत जानकारी लिई विद्यालयमा वायु गुणस्तर सूचकांक अनुसार हरियो/ पहेंलो/रातो रङ्गको झण्डा लगाउने ।** | | |
| | २७.१ | अनुगमनका क्रममा संवाद गरिएका बालबालिकाको कूल सँख्या मध्ये ७० प्रतिशतले झण्डा परिवर्तन गर्ने गरिएको बताए नबताएकामा । | १ |
| २८ | **वायु गुणस्तर सूचकांकलाई सबैले देख्ने गरी विद्यालय परिसरभित्र राख्ने ।** | | |
| | २८.१ | वायु गुणस्तर सूचकांकलाई सबैले देख्ने गरी विद्यालय परिसरभित्र राखेको देखिएमा । | १ |
| २९ | **कक्षा कोठा तथा विद्यालय परिसरलाई धुलोमुक्त बनाई सिकाईको वातावरण बनाउने ।** | | |
| | २९.१ | अनुगमनका क्रममा संवाद गरिएका बालबालिकाको कूल सँख्या मध्ये ७० प्रतिशतले विद्यालय परिसरभित्र रहेका खेलमैदान तथा वरपर सडकमा पानी छर्कने गरिएको बताएमा । | १ |
| | २९.२ | अनुगमनका क्रममा संवाद गरिएका बालबालिकाको कूल सँख्या मध्ये ७० प्रतिशतले कक्षाकोठा तथा विद्यालय भवन सफा गर्दा धुलो नउड्ने गरी सफा गर्ने गरिएको बताएमा । | १ |
| | **४. विद्यालयमा हुने वातावरणीय गतिविधिमा सामुदायिक सहभागिता अभिवृद्धि गर्दै हरित समुदाय प्रवर्धन गर्ने** | | ८ |
| ३० | **विद्यालय क्षेत्र वरपर धुवाँ र धुलोरहित क्षेत्र रहेको बुझिने गरी साइनबोर्ड राख्ने ।** | | |
| | ३०.१ | विद्यालय क्षेत्र वरपर धुवाँ र धुलोरहित क्षेत्र रहेको बुझिने गरी साइनबोर्ड राखेमा । | १ |

| | | | |
|---|---|---|---|
| ३१ | **विद्यालय क्षेत्र वरपर निषेधित गतिविधिको अनुगमन गरी सोको प्रतिवेदन तयार गरे नगरेको ।** | | |
| | ३१.१ | विद्यालय क्षेत्र वरपर निषेधित गतिविधिको अनुगमन गरी सोको प्रतिवेदन तयार गरेमा । | १ |
| ३२ | **विद्यालय समुदायमा रहेका क्लब, महिला समुह आदिलाई वातावरण संरक्षण एवम् स्वच्छ हावा सम्बन्धी कार्यक्रम संचालन गर्न अभिप्रेरित गर्ने ।** | | |
| | ३२.१ | विद्यालयले कार्यक्रम संचालनमा सहजिकरण गरेमा । | १ |
| ३३ | **अडियो वा भिडियो वा अन्य माध्यमबाट वातावरण सम्बन्धी सचेतना अभिवृद्धि गर्ने ।** | | |
| | ३३.१ | विद्यालयले अडियो वा भिडियो वा अन्य माध्यमबाट वातावरण सम्बन्धी सचेतना अभिवृद्धि गरेमा । | १ |
| ३४ | **सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा विभिन्न अवसरमा विद्यालय र समुदायबीच वातावरण संरक्षणसम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने ।** | | |
| | ३४.१ | कुनै दुई विशेष अवसरमा वातावरण सम्बन्धी क्रियाकलाप संचालन गरेमा । | ४ |
| | **५. विद्यालयमा अध्ययनरत बालबालिकालाई विपद् व्यवस्थापन, जलवायु परिवर्तन न्यूनीकरण तथा वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील बनाउने ।** | | १२ |
| ३५ | **भुकम्पजन्य विपद्सम्बन्धी सचेतना तथा पुर्वतयारीबारे कार्यक्रम सञ्चालन गर्ने ।** | | |
| | ३५.१ | विद्यार्थीहरूको सहभागितामा भुकम्पीय जोखिमको नक्सांकन तथा विद्यालय संरचना सम्बन्धी लेखाजोखा भएमा । | १ |
| | ३५.२ | विद्यालयमा आपत्कालीन मार्ग (Emergency Exit) भएमा । | १ |
| | ३५.३ | पूर्वतयारी सम्बन्धी अभ्यास भएमा । | १ |
| ३६ | **बाढी/पहिरोजन्य विपद्सम्बन्धी सचेतना तथा रोकथामबारे कार्यक्रम सञ्चालन गर्ने ।** | | |
| | ३६.१ | बाढी/पहिरोजन्य विपद् संवेदनशील क्षेत्र पहिचान तथा जोखिमको नक्सांकन भएमा । | २ |
| ३७ | **आगलागीजन्य विपदसम्बन्धी सचेतना तथा न्यूनीकरणबारे कार्यक्रम सञ्चालन गर्ने ।** | | |
| | ३७.१ | नजिककमा वस्ती वा वनमा आगलागी/ डढेलोको जोखिम आंकलनका लागि विद्यार्थीहरूको सहभागितामा अध्ययन वा सर्भे भएमा । | २ |
| | ३७.२ | विद्यालयमा आगलागीजन्य विपद् न्यूनीकरण गर्न अग्नी नियन्त्रक (Fire Extinguisher) र सूचना प्रणाली (Fire Alarm) को व्यवस्था भएमा । | २ |
| ३८ | **जलवायु परिवर्तन र यसका असर सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।** | | |
| | ३८.१ | जलवायु उत्थानशील विद्यालय (Climate Resilient School) सम्बन्धी वार्षिक रुपमा कम्तीमा ३ वटा कार्यक्रम सञ्चालन भएमा । | ३ |

अनुसूचि ३ : कार्ययोजना निर्माणका लागि नगरप्रमुखको निर्णय, निर्देशक समिति तथा नगरस्तरीय समिति

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

डाँडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०९८६
०१-४४५०३५६

पत्र सं. : ०८१/८२
चलानी नं. : ६३०

मिति: २०८१/०६/०६

श्री FHI 360,
बालुबाटार, काठमाडौं।

विषय : हरित तथा स्वच्छ विद्यालय कार्यक्रम कार्ययोजना निर्माण गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा "हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिक, २०७५" मा व्यवस्था भएको लक्ष्य तथा उदेश्यहरु प्राप्त गर्नको लागि हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ लाई स्थानीयकरण गरी "कागेश्वरी मनोहरा नगरपालिकाको हरित तथा स्वच्छ विद्यालय कार्यक्रम कार्य योजना, २०८१" तयार गर्न मिति २०८१/०५/१३ को नगर प्रमुख स्तरीय निर्णय बाट निम्नानुसारको निर्देशक समिति तथा नगर स्तरीय समिति गठन भएको ब्यहोरा अनुरोध छ।

निर्देशक समिति

१. नगर प्रमुख श्री उपेन्द्र कार्की
२. नगर उप-प्रमुख श्री शान्ता थापा
३. प्रमुख प्रशासकिय अधिकृत श्री सागर मिश्र
४. शिक्षा शाखा प्रमुख श्री पुष्प ढकाल
५. सामाजिक विकास समिति संयोजक श्री सारा पुर्कुटी

नगर स्तरीय समिति

१. वडा नं ८ का वडा अध्यक्ष श्री हरिभक्त पुडासैनी - संयोजक
२. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री गया उपाध्याय, गान्धी आदर्श मा.वि. - सदस्य
३. वरिष्ठ शिक्षा अधिकृत श्री टेकेन्द्र ढकाल - सदस्य
४. खानेपानी शाखा प्रमुख वरिष्ठ इन्जिनियर श्री सञ्जिब पुडासैनी - सदस्य
५. विज्ञान शिक्षक श्री गणेश कार्की, आनन्द भैरव मा.वि. - सदस्य
६. इलेक्ट्रिक सब-इन्जिनियर श्री अभिषेक नेपाल - सदस्य
७. वातावरण शाखा प्रमुख श्री ई. सन्देश कुमार ढकाल - सदस्य-सचिव

प्राविधिक सल्लाहकार

१. FHI 360 का प्रतिनिधी

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ, सफा, हराभरा, बनाऔं कागेश्वरी मनोहरा"
Email: er.kageshworimun@gmail.com,Website: www.kageshworimanoharamun.gov.np

## अनुसूचि ४ : कार्ययोजना निर्माणका क्रममा भएका छलफल तथा अन्तरक्रियाका माइन्युटहरू

## अनुसूचि ५ : कार्ययोजना निर्माणका क्रममा भएका छलफल तथा अन्तरक्रियाका तस्वीरहरू

## अनुसूचि ६ : साभार गरिएका सन्दर्भ सामग्रीहरू


- कागेश्वरी मनोहरा नगरपालिकाको प्रोफाइल
- काठमाडौं उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्य योजना २०७६
- वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७८
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र र वन्यजन्तु संरक्षण संघ नेपाल (२०७६) हरित विद्यालय स्रोत पुस्तिका (Green School Resource Handbook) . नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर, वन्यजन्तु संरक्षण संघ, नेपाल ।
- हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५
- Air Quality Life Index Nepal Fact Sheet 2023
- *Health Effects Institute. 2024. State of Global Air 2024. Special Report. Boston, MA:Health Effects Institute.*
- Ministry of Education, Science and Technology (2022). *School Education Sector Plar, 2022/23-2031/32*, Kathmandu: Government of Nepal, Ministry of Education, Science and Technology